सगरमाथाको उत्पत्तिपछि युरेसियन प्लेटसँग ठोक्किने प्रक्रियामा शिथिलता आएको तर हालका वर्षमा त्यो क्रम फेरि शुरु भएकोले सगरमाथाको उचाइ निरन्तर बढ्ने क्रममा रहेको छ ।

अमेरिकी वैज्ञानिक ब्राडफोड वासबर्नद्वारा दावी गरिएको सगरमाथाको उचाइ वृद्धिसम्बन्धी तथ्यलाई श्री ५ को सरकारले अस्वीकार गरेको छ । भूमि सुधार तथा व्यवस्था मन्त्रालयले एक प्रेस विज्ञप्ति जारी गरी सगरमाथाको उचाइ ८८४८ मिटर नै रहेको कुरा पुष्टि गरेको छ । नेपालको स्थलरूप आधार नक्सा तयार गर्ने सिलसिलामा सन् १९५४ मा सगरमाथाको उचाइ ८८४८ कायम भएको कुरा उल्लेख गर्दै सो विज्ञप्तिमा सन् १९७५ मा चिनियाँ टोलीबाट भएको विस्तृत सर्वेक्षणमा समेत सगरमाथाको उचाइ ८८४८ मिटर निर्धारण भएकोले त्यसैलाई नै आधिकारिक मान्नुपर्ने जनाएको छ ।

नेपाल पर्वतारोहण संघका तालीमहरु



फोटो सौजन्य : लाक्पा दोर्जी शेर्पा

- विनय शाक्य

सन् १९७३ मा नेपाल पर्वतारोहण संघको जन्म हुँदा संघको विभिन्न उद्देश्यहरु मध्ये एउटा प्रमुख उद्देश्यको रुपमा पर्वतारोहण सम्बन्धी तालीम पनि रहेको थियो । यही उद्देश्य परिपूर्ति गर्ने लक्ष्य अनुरुप सन् १९७८ मा पूर्व युगोस्लाभियाको अल्पाइन क्लवका ख्यातिप्राप्त पर्वतारोही श्री एलेस कुनाभेरले मनाङको हुम्रेमा एक प्रशिक्षण स्कूलको स्थापना गरी सहयोग गरिदिएका थिए । त्यसबेलादेखि उक्त प्रशिक्षण स्कूलमा पर्वतारोहण प्रशिक्षण अभियान नियमित रुपमा संचालन भइरहेको छ ।

नेपाली तथा विदेशी पर्वतारोहीहरुलाई सम्मिलित गराई पर्वतारोहण सम्बन्धी आधारभूत, उच्च तथा ढूँगेभीर चढाईका सीप मात्र होइन पर्वतारोहण, वातावरण, नेतृत्व गर्ने कौशलताका साथै आपतकालीन स्थितिमा उद्धार गर्ने विषयमा समेत प्रशिक्षण दिने कार्यको लागि नेपाली, स्लोभेनिया, फ्रान्स एवं अष्ट्रियाका प्रशिक्षकहरुको प्रत्यक्ष सहभागिता रहेको छ ।

खास गरी आधारभूत तालीमको लागि पूर्व युगोस्लाभिया र स्लोभेनियाको अल्पाइन क्लवले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् भने उच्च पर्वतारोहण प्रशिक्षणको लागि अष्ट्रिया र फ्रान्सले प्रमुख भूमिका खेलेका छन् । यसै सम्बन्धमा हालै मनाङमा संचालित पर्वतारोहण सम्बन्धी आधारभूत तालीममा सम्पूर्ण नेपाली प्रशिक्षकहरुले प्रशिक्षण गरेका थिए । नेपाली प्रशिक्षकहरुलाई अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षकको रुपमा प्रस्तुत गर्न थप तालिम लिन पाएमा आत्मविश्वासमा बृद्धि हुने कुरा उक्त तालिमका प्रमुख प्रशिक्षक श्री प्रेमबहादुर गुरुङ बताउनु हुन्छ ।

नेपाल पर्वतारोहण संघले दिने आधारभूत पर्वतारोहण प्रशिक्षण भारतको दार्जिलिङ्ग र मनालीमा दिइने तालिमभन्दा उच्चस्तरको रहेको कुरा दार्जिलिङ्ग पर्वतारोहण स्कूलका प्रशिक्षक श्री गोम्बु शेर्पा बताउनु हुन्छ । नेपालको पर्वतारोहण प्रशिक्षणमा प्रशिक्षक भइसकेका श्री शेर्पाले नेपालमा दिइने तालिममा प्रत्यक्ष स्थलगत र प्रयोगात्मक अनुभव हासिल गर्न पाउने हुँदा प्रशिक्षार्थीहरुको कुशलतामा सकारात्मक प्रभाव पर्ने कुरामा विश्वास गर्नु हुन्छ । यो तालीमले प्रशिक्षार्थीहरुमा उत्साह जाँगर तथा आत्मविश्वास बृद्धि हुने कुरा बताउनु हुन्छ । यस प्रकारको तालिम लिइसकेपछि पर्वतारोहण तथा पदयात्रामा सहभागी भईजाने समूहको नेतृत्व गर्न सक्षम हुने कुरामा प्रशिक्षकहरु विश्वस्त छन् ।

विगतमा संघबाट प्रशिक्षण प्राप्त पथप्रदर्शकहरुले नेतृत्व गरेका पदयात्रा तथा पर्वतारोहण समूहको मूल्याङ्कन गर्दा आकस्मिक दुर्घटनाहरुमा कमी भएको कुरा यस संघका कार्य समिति सदस्य तथा *नेपाल हिमालयन पथप्रदर्शक संघका* अध्यक्ष श्री ल्हाक्पा दोर्जी शेर्पा बताउनु हुन्छ । यसबाट पनि संघको प्रशिक्षण उपयोगीसिद्ध भएको प्रमाणित हुन्छ ।

नेपाल पर्वतारोहण संघ र इको हिमालको सम्युक्त आयोजनामा गत वर्षदेखि महिलाहरुलाई मात्र सहभागी गराई थप तालिम संचालन गरिएको थियो । नेपाली महिलाहरुलाई हौसला प्रदान गर्न उक्त Female Outdoor Leadership Training मा अनुमान गरेकोभन्दा दोब्बर संख्यामा तालिम लिन निवेदन परेको थियो । खासगरी महिलाहरुमा पर्वतारोहण सम्बन्धी जागरण ल्याउने प्रमुख उद्देश्यले संचालित उक्त तालिम गत वर्ष अन्नपूर्ण क्षेत्रमा १५ दिनसम्म संचालन गरिएको थियो । महिला प्रशिक्षक तथा संघका वर्तमान कार्यसमिति सदस्य श्रीमती डिमी शेर्पाले सो तालिममा महिला सहभागीहरुले नौलो अनुभव गर्नुका साथै सहभागीहरुको उत्साहमा थप जाँगर ल्याएको अनुभव व्यक्त गर्नुभयो ।

यस आर्थिक वर्ष २०५६/५७ मा संचालित तालिममा सहभागी भएकी प्रशिक्षार्थीहरुमध्येकी सुश्री ल्हाक्पा शेर्पाले आगामी वसन्त ऋतुमा *नेपाली महिला नयाँ सहस्राब्दी सगरमाथा आरोहण अभियान, सन् २००० वसन्त* को नेतृत्व गर्दै संघबाट तालिम लिएका अन्य तीन महिला सदस्यहरु समेत सम्मिलित गराई विशुद्ध नेपाली महिला सगरमाथा आरोहण दलले सगरमाथाको आरोहण गर्ने लक्ष्य लिएको छ ।

गत वर्ष सानै उमेरमा सगरमाथाको आरोहण गर्न प्रयास गर्ने पोखराका १५ वर्षका



किशोर पर्वतारोही श्री अरविन तिमिल्सिनाले पनि संघकै पर्वतारोहण तालिम लिएका थिए भने संघबाट आधारभूत पर्वतारोहण प्रशिक्षण प्राप्त गरिसक्नु भएका गौरीशंकर - ५, ताशिनाम, दोलखा निवासी १४ वर्षिय किशोर श्री तेम्बा छिरी शेर्पाले आगामी वर्ष यस्तैप्रकारको कीर्तिमान कायम राख्ने लक्ष्य लिएका छन् । उनको प्रयासको सफलताको लागि पनि हार्दिक शुभकामना ।

यस प्रकार संघबाट प्रशिक्षित पर्वतारोहीहरुको दक्षतामा वृद्धि भइ पर्वतारोहीहरुमा आत्मविश्वास बढ्दै गएको कुरा प्रमाणित भएको मात्र होइन कि प्रशिक्षित दक्ष जनशक्तिले पदयात्रा र पर्वतारोहण अभियानलाई सुरक्षित पार्न पनि मद्दत गरेको कुरा प्रष्ट भएको छ ।

यसलाई अझ अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन संघ प्रयासरत रहेको कुरा संघका महासचिव श्री भूमिलाल लामा तथा प्रशिक्षण तथा पर्वतारोहण अभियान समितिका संयोजक श्री पासाङ शेर्पा बताउनु हुन्छ ।

तसर्थ, शौखिन र पेशेवर पर्वतारोहीहरुको आत्मविश्वास बढाउने यसप्रकारको तालिमलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने मात्र होइन कि तालिमप्रति जागरण ल्याउन पनि यो प्रयासलाई निरन्तरता दिनु पर्ने आजको माग रहेको देखिन्छ ।

नेपाल पर्वतारोहण संघद्वारा आरोहण अनुमपति पत्र प्रदान गरिने शिखरहरु

क्र.सं.	शिखर	उचाइ (मिटर)
१.	मेरा पीक	६६५४
२.	चुलु ईष्ट	६५८४
३.	सिंगुलुची (Fluted Peak)	६५०१
४.	हिउँचुली	६४४१
५.	चुलु वेष्ट	६४१९
६.	कुसुम कांग्रु	६३६७
७.	फर्चामो	६१८७
८.	इम्जात्से (Island Peak)	६१६०
९.	लोवुचे	६११९
१०.	पिसांग पीक	६०९१
११.	क्वांदे	६०११
१२.	रामडुंग	५९२५
१३.	पाल्दोर पीक	५८९६
१४.	खोंमात्से (Mehra Peak)	५८४९
१५.	गञ्जला चुली (Naya Kanga)	५८४४
१६.	पोखाल्दे	५८०६
१७.	थार्पु चुली (Tent Peak)	५६६३
१८.	मार्दी हिमाल	५५८७

नेपाल पर्वतारोहण संघले हालसम्म संचालन गरेको प्रशिक्षण तथा प्रशिक्षार्थीहरुको तालिका


प्रशिक्षित प्रशिक्षार्थीहरुको संख्या ७७८

TRAININGS CONDUCTED BY NMA (1979 TO 1999)

Year	Basic Mt. Training	Advance Mt. Training	Basic Rock Training	Advance Rock Training	Trek Tour Leader	Junior Basic Training	Female Training
1979	20	-	-	-	-	-	-
1980	45	-	-	-	-	-	-
1981	46	-	-	-	-	-	-
1982	24	-	-	-	-	-	-
1983	-	-	-	-	-	-	-
1984	30	7	-	-	-	-	-
1985	24	11	-	-	-	-	-
1986	31	9	-	-	-	-	-
1987	30	15	-	-	-	-	-
1988	-	-	-	-	-	-	-
1989	31	22	-	-	-	-	-
1990	30	17	-	-	-	17	-
1991	29	13	-	-	30	-	-
1992	33	17	-	-	-	-	-
1993	-	-	-	-	-	-	-
1994	30	-	-	-	-	-	-
1995	32	-	-	-	-	-	-
1996	-	-	-	-	-	-	-
1997	13	11	-	-	-	-	-
1998	16	13	29+34	-	-	-	-
1999	-	16	-	7	-	-	15
1999	31	-	-	-	-	-	-
Total	495	151	63	7	30	17	15

नयाँ सहस्राब्दीमा नेपाली महिलाहरुको सगरमाथा आरोहणबाट नेपालको प्रवेश

- भूमिलाल लामा



सन् १९५१ को मई महिनामा विश्वको सर्वोच्च १४ शिखरहरु मध्ये फान्सेली अन्नपूर्ण आरोहण अभियान दलका सदस्यद्वय श्री मौरिश हर्जोग र उनका सहयात्री श्री लुई लेचेनेलले अन्नपूर्णको सफलतापूर्वक आरोहण गरेपछि नेपालका हिमालहरुमा सन् १९५० को दशकदेखि अभियान दलहरुको ओइरो लाग्न थाल्यो । सन् १९५३ को मई महिनामा विशवको सर्वोच्च शिखर सगरमाथामा ब्रिटिश एभरेष्ट एक्स्पिडिसन दलका सदस्यद्वय श्री एडमण्ड हिलारी श्री तेञ्जीङ्ग नोर्गे शेर्पाले यस सगरमाथालाई चुमेपछि विश्वको मानचित्रमा नेपाल कहाँ पर्छ भनेर विश्व मानव समुदायमा कौतुहलताको लहर नै चल्यो । त्यसपछि जापानीहरुले सन् १९५४ मा मनासलु हिमालको आरोहण पनि पर्वतारोहण इतिहासमा दस्तावेजहरुमा सुरक्षित नैप छन् । हुन त सगरमाथाको उचाइ ब्रिटिश सर्भे दलले पत्ता लगएर संसारको उच्चतम शिखर हो भनेर चिन्हिएपछि ब्रिटेनका प्रख्यात सर्भेयर जनरल सर जर्ज एभरेष्टका नाममा सम्मान स्वरु MT. Everest भनेर नामाकरण गरिएको कथा पनि कम रोचक छैन । यस प्रकार आ-आफ्नो राष्ट्रको इज्जत बढाउने एवं तत् तत् राष्ट्रका पर्वतारोहीहरुले आ-आफ्नो नाम पनि इतिहासमा लेखाउने उत्कण्ठा स्वरुप अहिलेसम्म पनि त्यस्तो प्रयासहरु प्रशस्त मात्रामा भएको पाइन्छ ।

यसै क्रममा सर्वोच्च १४ वटा हिम शिखरहरु मध्ये सगरमाथा लगायत ८ वटा हिमशिखरहरुद्वारा सुशोभित नेपालका पर्वतारोहीहरुले पनि विश्व कीर्तिमान राख्न कहाँ पछि परेका छन् र ! तथापि महिला पर्वतारोहीहरुको कीर्तिमानलाई पुरुष पर्वतारोहीहरुको कीर्तिमानले ओझेलमा पारेको हो कि भन्ने भान पनि हामीलाई पर्न सक्छ । त्यस्तो त कीर्तिमानको स्वरुप, अवस्था र कालखण्ड पृथक पृथक छन् र आफ्नै वैयक्तिक विशेषताहरु पनि नभएको चाहिँ होइन । तर जे होस् नेपाली महिला पर्वतारोहीहरु यस क्षेत्रमा पछि नै परेको कुरालाई एक्लो पासाङ ल्हामुको सफलताले आगमनलाई स्वागत गर्न एवं नेपाली महिलाहरुको इज्जतलाई श्रीवृद्धि गराउन महिलाहरुको आत्मसम्मानलाई उचाइ तर्फ लाने उद्देश्य बोकी नयाँ सहस्राब्दीसँगै नेपाली महिलाहरु पनि यस राष्ट्रको गौरव बढाउने, राष्ट्रिय चेतना जागरण औ साहस जगाउने कार्यमा पछि पर्दैनन् भन्ने सन्देशमूलक अभियानको थालनी गर्न राष्ट्रिय स्तरमै नेपाल र नेपालीको गरीबी, अशिक्षा र पछौटेपन हटाउन २०५० साल देखि विभिन्न जनजागृतिका परियोजनाहरू सम्पन्न गर्ने शुभकार्यमा दत्तचित्त भई अनवरत रुपमा लागि परेको सुष्मा कोइराला मेमोरियल ट्रष्टले चार सदस्यीय "नेपाली महिला सहस्राब्दी सगरमाथा वसन्त २०००" लाई एक प्रतिकात्मक अभियानको रुपमा अघि सारेको प्रतीत हुन्छ । यसका साथै नयाँ सहस्राब्दीले ल्याउने सम्भावित समस्याहरुको सामना गर्न नेपाली महिलाहरु तत्पर छन् भन्ने देखाउन पनि यो अभियानलाई पर्वतारोहण क्षेत्र इतरका अरु विभिन्न क्षेत्रमा पनि यस्तो जोश जाँगरको प्रस्फुरण होओस् भन्न खातिर एक विम्वात्मक संकेत दिन उक्त अभियानको आयोजना गरिएको हुनुपर्छ ।

निश्चित रुपले यस अभियानले आम नेपाली महिलाहरुमा दृढ मनोवल, साहस, जाँगर एवं चेतना जगाउनेछ र राष्ट्रको विकासमा महिलाहरुको सक्रिय एवं गरिमामय भूमिका प्रतिको प्रतिबद्धतालाई एक सन्देशको रुपमा पुऱ्याउन सफल हुनेछ भन्ने सुष्मा कोइराला मेमोरियल ट्रष्ट तथा अभियान संचालनको अभिभारा बोकेको समितिको मनोकांक्षा पूरा होओस्, हामी नेपालीहरु यही चाहन्छौं ।

आर्थिक रुपले विपन्न नेपालीहरुको भावनालाई "जिउ मेरो यही हो, धन मेरो छैन, मन पछि कि पर्दैन ?" भन्ने लोक भाषाको मूल भावबाट यस अभियान पनि अछुतो छैन अर्थात् केवल साहस, जाँगर र जोश छ तर आवश्यक भौतिक साधन जुटाउन पैसा छैन । तसर्थ यस पूनित कार्यमा नेपाली उद्योगी एवं समाजसेवीहरु सवैमा भौतिक एवं आर्थिक सहयोग जुटाई सहभागी हुन ट्रष्टका तर्फबाट "नेपाली महिला सहस्राब्दी सगरमाथा आरोहण अभियान वसन्त २०००" लाई सफल संचालन गर्न गठित अभियान संचालन समिति हार्दिक आह्वान मनासिव नै देखिन्छ । धेरै पुनित कार्यहरुको लागि यस्तो आह्वानहरुलाई नेपालीहरुले कसरी लिए, कति सहभागिता देखाए भन्ने कुराको लेखाजोखा त्यति भए जस्तो लाग्दैन तर यो अभियानमा संलग्न पढ्न लेख्न पाउने अवसरबाट वञ्चित, भाग्यले ठगिएका वहुसंख्यक नेपाली महिलाहरु जस्तै यी अपठित शेर्पा महिलाहरुको सगरमाथाको शिखर छुने प्रयास भने सवैतिरबाट प्रशंसनीय नै देखिन्छ । यी निरक्षर महिलाहरुले राष्ट्रवासीहरुलाई नयाँ सहस्राब्दीको संघारमा दिन खोजेको सन्देश जति महत्वपूर्ण छ सायद त्यति महत्व अभियान सफल असफल हुनमा पनि नहोला तथापि अभियानको सफलताको कामना गर्नु सवैको सामूहिक कर्तव्य भित्र नै पर्छ ।

सन् १९९९ : शरद र हिउँदको पर्वतारोहण गतिविधि

– उमेशकुमार सिंह

सन् १९५० देखि नेपालमा पर्वतारोहण शुरु भएको देखिन्छ । राणा शासनको अन्तिम कालतिर फ्रान्सको पर्वतारोहण टोलीलाई नेपालका अन्तिम राणा शासक श्री ३ मोहन शमशेरद्वारा नेपालमा पर्वतारोहण गर्न अनुमति दिइएको थियो । उक्त दलले धौलागिरी या अन्नपूर्ण मध्य जुन हिमचुली आरोहण गर्न सकिने हो त्यसको आरोहण गर्ने योजना बनाएको थियो । सन् १९५० को जुन महिनामा यस दलले अन्नपूर्ण प्रथमको सफल आरोहण गऱ्यो । विश्वका ८००० मि. भन्दा माथिका कुनै पनि हिमचुलीको यो प्रथम आरोहण थियो र यस दलका नेता फ्रान्सका मौरिस हेर्जोग ले अन्नपूर्ण प्रथमको सफल आरोहण गरे तर यस आरोहणमा उनले आफ्ना दुवै हातका औंलाहरु 'फ्रस्ट बाइट' का कारण गुमाए ।



सगरमाथा आरोहणमा नयाँ कीर्तिमान कायम गर्ने बाबु छिरी शेर्पा नेपाल पर्वतारोहण संघद्वारा आयोजित समारोहमा

अन्नपूर्ण प्रथमको आरोहण पश्चात सन् १९५२ मा नेपाल तर्फबाट माउन्ट एभरेष्ट (सगरमाथा) को आरोहणको लागि स्वीस पर्वतारोही दललाई अनुमति प्रदान गरिएको थियो तर उक्त दल २७,५५० फिटसम्म पुगेता पनि शिखरमा पुग्न सकेन । तत्पश्चात सन् १९५३ मा सर जोन हन्टको नेतृत्वमा गएको ब्रिटिस पर्वतारोही दलले सगरमाथाको सफल आरोहण गऱ्यो । त्यसपछि नेपालमा वर्षेनि विभिन्न पर्वतारोही दलहरुले आरोहण कार्य गरिआएका छन् ।

नेपालमा हालसम्मको अध्ययनबाट ६००० मिटर भन्दा बढी उचाइका करिब १३१० हिमशिखरहरु रहेको देखिन्छ । जस मध्ये १५१ हिम शिखरहरु पर्वतारोहणको लागि खुल्ला गरिएको छ । यी मध्ये कम उचाइका १८ वटा हिम शिखरहरुलाई "ट्रेकिङ पिक" भन्ने गरिएको छ र यिनीहरुको आरोहण अनुमति प्रदान गर्न नेपाल पर्वतारोहण संघलाई अधिकार दिइएको छ । यी १८ वटा हिमचुलीहरुको आरोहण अनुमति नेपाल पर्वतारोहण संघबाट प्रदान हुन्छ र यसबाट उठेको शुल्कबाट संघले नेपालमा पर्वतारोहणको विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । बाँकीका १३३ हिम शिखहररुको आरोहण अनुमति श्री ५ को सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्रदान गरिन्छ । पर्वतारोहण नियमावली २०३६ को व्यवस्था अनुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट वर्षका चार ऋतुहरुका लागि अनुमति प्रदान हुन्छ । १ मार्चदेखि ३१ मईसम्म वसन्त (Spring) ऋतु, १ जुनदेखि १५ अगष्टसम्म ग्रीष्म (Summer) ऋतु, १ सेप्टेम्बर देखि १५ नोभेम्बरसम्म शरद (Autumn) ऋतु र १ डिसेम्बरदेखि १५ फेब्रुअरीसम्म हिउँद (Winter) ऋतुको रुपमा वर्गीकरण गरिएको छ । पर्वतारोही दलहरुलाई एक ऋतुको समयावधिको लागि अनुमति प्रदान गरिन्छ र दलले सो समयावधिभित्र नै आधार शिविरबाट माथि गई आरोहण कार्य सम्पन्न गरी आधार शिविरमा आई पुग्नुपर्ने हुन्छ ।

(१) सन् १९९९ शरद **(Autmn 1999)**

यस ऋतुमा ७० दलहरुले विभिन्न २४ हिमखिशरहरुमा पर्वतारोहण गरे । यी दलहरु मध्ये १६ दलले आमादव्लम (६८१२ मि.), १२ दलले वरुन्त्से (७१२९ मि.) १ दलले चोपोलु (६७११ मि.), ६ दलले धौलागिरी (८१६७ मि.), २ दलले दोर्जे लाक्पा (६९६६ मि.), १ दलले ड्रामो (६८५५ मि.), १ दलले गुरकापोरि (६८९१ मि.), १ दलले हिमलुङ्ग हिमाल (७१२६ मि.), २ दलले कन्चनजंघा (८५८६ मि.), १ दलले कुम्भकर्ण (७७१० मि.), १ दलले कान्जीरोवा (६८८३ मि.), १ दलले कांगटोकाल १ दलले कांगुरु (६९८१ मि.), २ दलले लाङ्गटाङ्गलिरुङ्ग (७२३४ मि.), १ दलले लोत्से (८५१६ मि.), १ दलले मकालु (८४६३ मि.), ३ दलले मनास्लु (८१६३ मि.), १ दलले मनास्लु नर्थ (७१५७ मि.), १ दलले निलगिरी साउथ (६८३९) मि., ५ दलले पुमोरी (७१६१ मि.), १ दलले रक्साउराई (६५९३ मि.) २ दलले सगरमाथा (८८४८ मि.), ३ दलले तिलिचो (७१३४ मि.) र २ दलले टेंगकोमा (६२१५ मि.) मा पर्वतारोहण गरेका थिए । यी पर्वतारोहण दलहरु मध्ये १७ दलले सफल आरोहण गरेका थिए भने ५३ दल असफल भएका थिए । ८००० मि. भन्दा बढी उचाइका हिमालहरुमा १२ दलले पर्वतारोहण गरेकोमा एक दलले मात्र आरोहणमा सफलता प्राप्त गऱ्यो जुनकि धौलागिरीमा थियो । यस ऋतुमा शुरुदेखि नै हिमाली क्षेत्रमा मौसम बिग्रेको थियो र १८ अक्टोवरदेखि लगातार तीन दिनसम्म हिमाली क्षेत्रहरुमा व्यापक हिमपात भएको थियो, जसले गर्दा पर्वतारोहणमा कठिनाई भयो । शरद ऋतुको अन्त्यमा मौसम राम्रो भएकोले कम उचाइका हिमशिखरहरुमा भने केही दलहरुले सफलता प्राप्त गरेका थिए । वरुन्त्से नजिक रहेको चोपोलु शिखर (६७११ मि.) को जर्मन पर्वतारोहीहरुले प्रथम पटक आधिकारिक आरोहण गरे । तर सन् १९८४ मा एक जना स्पेनिस पर्वतारोहीले बिना अनुमति यस शिखरको अनधिकृत आरोहण गरेको आशंका छ ।

यस ऋतुमा २४ अक्टोवरका दिन मकालु गा.वि.स. संखुवासभा निवासी दावादोर्जे शेर्पाको धौलागिरीमा, ११ अक्टोवरका दिन नाम्चे गा.वि.स. सोलुखुम्बु निवासी सांगे शेर्पाको मकालुमा, १४ सेप्टेम्वरका दिन कोरियाका होन डो क्याको कञ्चनजंघामा र २४ अक्टोवरका दिन अमेरिकाकी श्रीमती जिनेट एल. ह्यारिशनको धौलागिरीमा पर्वतारोहणको क्रममा दुःखद निधन भयो ।

(२) सन् १९९९/२००० हिउँद **(Winter 1999/2000)**

यस ऋतुमा ८ पर्वतारोहण दलहरुलाई विभिन्न २ हिमशिखरहरुमा पर्वतारोहण गर्न अनुमति प्रदान गरिएको थियो जस मध्ये ५ दलले आमादव्लम (६८१२ मि.) र ३ दलले मनास्लु (८१६३ मि.) को आरोहण अनुमति प्राप्त गरेका थिए। यसमध्ये २ दलले सफल आरोहण गरे।

सन् १९९९ को वसन्त ऋतुमा ३४ दलहरुले विभिन्न १५ हिमशिखरहरुमा पर्वतारोहण गरेका थिए। यसरी सन् १९९९ भरिमा जम्मा ११२ दलहरुले नेपालका विभिन्न ३१ हिमशिखरहरुमा पर्वतारोहण गरे।

सन् १९९९मा विभिन्न दलहरुले गरेको पर्वतारोहण विवरण

	हिमखिरको नाम र उचाई	दलसंख्या		
		वसन्त	शरद	हिउँद
१.	सगरमाथा (८८४८ मि.)	८	२	०
२.	आमादव्लम (६८१२ मि.)	४	१६	५
३.	वरुन्तसे (७१२९ मि.)	०	१२	०
४.	चोपोलु (६७११ मि.)	०	१	०
५.	धौलागिरी (८१६७.)	१	६	०
६.	दोर्जे लाक्पा (६९६६ मि.)	१	२	०
७.	ड्रामो (६८५५ मि.)	०	१	०
८.	गुकार्पोरी (६८९१ मि.)	०	१	०
९.	हिमलुंग (७१२६ मि.)	०	१	०
१०.	कञ्चनजंघा (८५८६ मि.)	१	२	०
११.	कुम्भकर्ण (७७१० मि.)	०	१	०
१२.	कांजिरोवा (६८८३ मि.)	०	१	०
१३.	कांगटोकाल (६२९४ मि.)	०	१	०
१४.	कांगुरु (६९८१ मि.)	०	२	०
१५.	लाङ्गटाङ्गलिरुङ्ग (७२३४ मि.)	०	२	०
१६.	ल्होत्से (८५१६ मि.)	३	१	०
१७.	मकालु (८४६३ मि.)	३	१	०
१८.	मनास्लु (८१६३ मि.)	३	३	३
१९.	मनास्लु नर्थ (७१५७ मि.)	०	१	०
२०.	निलगिरी साउथ (६८३९ मि.)	०	१	०
२१.	पुमोरी (७१६१ मि.)	१	५	०
२२.	रक्सा उराइ (६५९३ मि.)	०	१	०
२३.	तिलिचो (७१३४ मि.)	०	३	०
२४.	तेंगकोमा (६२१५ मि.)	०	२	०
२५.	अन्नपूर्ण प्रथम (८०९१ मि.)	२	०	०
२६.	धाम्पस (६०१२ मि.)	१	०	०
२७.	गंगापूर्ण (७४५५ मि.)	१	०	०
२८.	नुपत्से (७८५५ मि.)	२	०	०
२९.	याला (५३२२ मि.)	२	०	०
३०.	थामशेकु (६२३० मि.)	१	०	०
३१.	गान्चेम्पो (६३८७ मि.)	०	१	०
	जम्मा	३४	७०	८

Mountaineering Expedition Teams Permitted During 1999 Autumn Season

	Name of Expedition team	Name of the Peak & Height	Ascent Route	Name of the Leader	Country	No. of Member
1	International Amadablam Exp.'99	Amadablam (6812m.)	S.W.Ridge	Mr. Andre Georges	Switzerlan	8
2	Amadablam Ko Pahuna Expedition	Amadablam (6812m.)	S.W.Ridge	Ms. Jeanne Panek	USA	6
3	Norwegian Amadablam Exp.	Amadablam (6812m.)	S.W.Ridge	Mr. Karl Erik Roenstad	Norway	8
4	Amadablam Valais Expedition	Amadablam (6812m.)	S.W.Ridge	Mr. Paul V.Amaudruz	Switzerland	7
5	Expedition Andalusian Amadablam	Amadablam (6812m.)	S.W.Ridge	Mr. Manuel G. Diaz	Spain	3
6	DAV Summit Club Ama Dablam Exp.	Amadablam (6812m.)	S.W.Ridge	Mr. Zbigninew Mlynarczyk	Germany	7
7	ABS Amadablam Expedition	Amadablam (6812m.)	S.W.Ridge	Mr. Arthur B. Schulz	USA	6
8	Int.Amadablam Expedition '99	Amadablam (6812m.)	S.W.Ridge	Mr. Ernst Rufibach	Switzerland	4
9	Azimt Amadablam Expedition	Amadablam (6812m.)	S.W.Ridge	Mr. Yvan Estrenne	France	12
10	Chiemgau-Mountaineering Team Exp.	Amadablam (6812m.)	S.W.Ridge	Mr. Markus Prechti	Germany	7
11	OTT Amadablam Expedition	Amadablam (6812m.)	S.W.Ridge	Mr. David Cumming	UK	12
12	Earth Treks Shared Summits Exp.	Amadablam (6812m.)	S.W.Ridge	Mr. Cijostpier Warner	USA	4
13	Amadablam Vaiais Expedition	Amadablam (6812m.)	S.W.Ridge	Mr. Paul Victor Amandriuz	Swiss	9
14	Star Trek Amadablam Expedition	Amadablam (6812m.)	S.W.Ridge	Mr. Marcello Cominetti	Italy	6
15	Mountain Madness Amadablam Exp.	Amadablam (6812m.)	S.W.Ridge	Mr. Stephen Shrader	USA	7
16	Amadablam 99 Expedition	Amadablam (6812m.)	S.W.Ridge	Mr. Nicholas Parks	UK	7
17	Amical Alpine Baruntse Exp.'99	Baruntse (7129m.)	W.Col to S.R.	Mr. Robert Racki	Germany	12
18	1999 American Baruntse Exp.	Baruntse (7129m.)	S.E.Ridge	Mr. Robert D. Garneau	USA	8
19	Numberger Anniversary Exp.	Baruntse (7129m.)	S. Ridge	Mr. Christain Funke	Germanay	8
20	Austrian Baruntse Expedition '99	Baruntse (7129m.)	S.East Ridge	Mr. Jheodor Kubicka	Austrian	6
21	Baruntse French Alpine Club Exp.	Baruntse (7129m.)	Normal Route	Mr. Denis Crabers	France	11
22	International Expedition Baruntse '99	Baruntse (7129m.)	North Ridge	Mr. Marco Berti	Italy	3
23	4061 Esprit De Montagne Expedition	Baruntse (7129m.)	South W.Face	Mr. Corrado Gonter	Italy	4
24	OTT USA Baruntse Expedition	Baruntse (7129m.)	S.E.Ridge	Mr. Damian Bengas	USA & UK	9
25	French Baruntse Expedition	Baruntse (7129m.)	S.Ridge	Mr. Georges Derycke	France	7


26	Genova in Himalaya Gruppo Alt inontagnt	Baruntse (7129m.)	S.Ridge	Mr. Ruggero Pallanca	Italy	7
27	Trans Tirol Baruntse Expedition	Baruntse (7129m.)	S.Ridge	Mr. Rudof Schweigkofler	Italy	5
28	Baruntse 99 Expedition	Baruntse (7129m.)	West Ridge	Mr. Jean Marc Genevois	France	4
29	Saxon Khumbu Expedition	Cho Polu (6711m.)	West Face	Mr. Markus Walter	Germany	4
30	Swiss Dhaulagiri Exp. 1999	Dhaulagiri (8167m.)	Normal Route	Mr. Pierre-Alain Romagnoli	Switzerland	7
31	International Dhaulagiri 99 Expedition	Dhaulagiri (8167m.)	North East R.	Mr. Gary Scott Pfisterer	USA	11
32	Dhaulagiri Exp.99 By Alpine Team-84	Dhaulagiri (8167m.)	East Face	Mr. Hiraoka Ryuseki	Japan	2
33	Slovenian Dhaulagiri Exp. '99	Dhaulagiri (8167m.)	South Face	Mr. Tomaz Humar	Slovenia	7
34	French Dhaulagiri 1 Expedition	Dhaulagiri (8167m.)	Normal Route	Mr. Francois Damilano	France	8
35	Dhaulagiri International Expedition'99	Dhaulagiri (8167m.)	Normal Route	Mr. Josef Moravek	Czech Republic	9
36	French Dorje Lhakpa Expedition	Dorje Lhakpa (6966m.)	West Ridge	Mr. Robert Rene Leon	France	7
37	TA Dorje Lhakpa Autumn '99	Dorje Lhakpa (6966m.)	West Ridge	Mr. Grobel Paulo	France	11
38	Drahmo Expedition 1999	Drahmo (6855m.)	N.R./N.E.F.	Mr. Bruce Normand	UK	7
39	South Palatinate Himalaya Exp.	Gurkarpo Ri (6891m.)	West Ridge	Mr. Jurgen Schutz	Germany	7+3
40	Swiss Academic Ski Club	Mt. Ganchenpo(6387m.)	South W.Ridge	Mr. Kari Cobler	Switzerland	11
41	Saxony Himlung Expedition '99	Himlung Himal (7126m)	N.G.Wiegand	Mr. Gotz Wiegand	Germany	6
42	99 Korean Kangchenjunga Exp.	Kanchenjunga (8586m.)	North Face	Mr. Hyung-Chil Lim	Korea	8
43	99 Korean Kangchenjunga Exp.	Kanchenjunga (8586m.)	North Face	Mr. Jong Hwan Kim	Korea	7
44	Jannu Expedition	Kumbhakarna (7710m.)	North Face	Mr. Grigovev Olega	Uzbekistan	9
45	British Kanjiroba Himal Expedition	Kanjiroba (6883m.)	Normal	Mr. Thomas Wedgewood	UK	9
46	Sotillo Ladroda Sanga Kangtokal Exp.	Kangtokal (6294m.)	Normal	Mr. Miguel Angel Vidal	Spain	4
47	Kang Guru '99 Expedition	Kang Guru (6981m.)	W.N.W.Spur	Mr. Sesare Cesa Bianchi	Italy	8
48	Atlante Kang Guru Expedition '99	Kangu Guru	N.E. Rodge	Mr. Gills Buisson	France	9
49	Penaguara-Sanga Exp.	Langtang Lirung(7234m.)	S.E.Ridge	Mr. Palacin C. Teodora	Spain	5
50	Swiss Langtang Lirung Exp.	Langtang Lirung(7234m.)	S.E.Ridge	Mr. Rauner Johanes	Swiss	5
51	99 Korea Lhotse South Face Exp.	Lhotse (8516m.)	South Face	Mr. Bong Jae Lee	Korea	12
52	99 Korean Makalu Expedition	Makalu (8463m.)	Normal Route	Mr. Kim.Hyoung Woo	Korea	7
53	99 Korean Manaslu Expedition	Manaslu (8163m.)	Normal Route	Mr. So Byung Geom	Korea	4
54	Sailung Manaslu Expedition '99	Manaslu (8163m.)	Noth E. Ridge	Mr. Gricelli Hugues	Belgium	7
55	Montaneros de Aragon	Manaslu (8163m.)	N.E. Face	Mr. Jose Chaverri Alaman	Spain	12
56	Sapporo Alpine Association Manaslu	Manaslu North (7157m.)	South Ridge	Mr. Koichi Ezaki	Japan	7
57	Slovenian Nilgiri Expedition '99	Nilgiri South (6839m.)	South Face	Mr. Tadej Golob	Slovenia	6
58	Canadian 99 Mt. Pumori Expedition	Pumori (7161m.)	S.E.Ridge	Mr. Tim Ripple	Canada	11
59	The Norwagian Pumori Expedition	Pumori (7161m.)	S.W. Ridge	Mr. Jonas Lie-Nielsen	Norway	4
60	1999 PMA Pumori Expedition	Pumori (7161m.)	Normal Route	Mr. Ryszard Pawlowski	Poland	9
61	H.G. Pumori South Ridge Exp.	Pumori (7161m.)	South Ridge	Mr. Henry B. Todd	UK	11
62	HG2 Pumori South Ridge Exp.	Pumori (716m.)	South Ridge	Mr. Simon A. Yates	UK	9
63	Austrian Raksha Urai Expedition	Raksha Urari (6593m)	Normal	Mr. Fritzen Bothern	Austria	9
64	Everest 100 Anys. Expedition	Sagarmatha (8848m.)	S.E. Ridge	Mr. Ferran Latorre Torres	Spain	4
65	Expeditico Castellano-Leonesa Al Everest	Sagarmatha (8848m.)	S.E. Ridge	Mr. Isidoro Rodriguez Cubilla	Spain	9
66	Tilicho French Expedition	Tilicho (7134m.)	North Ridge	Mr. Gilles Marcaud	France	11
67	TA Tilicho Expedition '99	Tilicho(7134m.)	N.E. Ridge	Mr. Fabien Ibarra	France	9
68	TA Tilicho Expedition '100	Tilicho (7134m.)	N.E.Ridge	Mr. Grenier Philipe	France	8
69	German Tengkoma Expedition	Tengkoma (6215m.)	Normal	Mr. Gerhard Fimmel	Germany	7
70	Explora Himalaya Three Peaks Exp.	Tengkoma (6215m.)	South Side	Mr. Joel Schone	USA	12

Mountaineering Expedition Teams Permitted During 1999 Winter Season

	Name of Expedition team Peak & Height	Name of the Route	Ascent Leader	Name of the	Country Member	No. of
1	1999 American T-3 Ama Dablam Exp 1999/2000 Winter	Ama Dablam (6812m)	South Ridge	Mr. Alan Kerney	USA	6 (six)
2	1999 American Ama Dablam Exp. USA	Ama Dablam (6812m)	South W.R.	Ms. Cathy Ann Taylor	USA	7 (seven)
3	Winter Ama Dablam -II Exp. USA	Ama Dablam (6812m)	South W.R.	Ms. Melissa Kade	USA	7 (seven)
4	1999 PMG Ama Dablam Winter Exp.	Ama Dablam (6812m)	South W.R.	Mr. James M. Williams	USA	7 (seven)
5	Winter '99 Ama Dablam Expedition UK	Ama Dablam (6812m)	South W.R.	Mr. Henry B. Todd	G.Britain	10 (ten)
6	Sapporo Alpine Associations Manaslu Exp.	Manaslu (8163m)	North E.R.	Mr. Koichi Ezaki	Japan	7 (seven)
7	Danish Manaslu Expedition '99	Manaslu (8163m)	North E.R.	Mr. Michael Stryno	Denmark	2 (two)
8	Japan Gunma Winter Mt. Manaslu Exp.	Manaslu (8163m)	East Face	Mr. Hideji Nazuka	Japan	7 (seven)

सगरमाथा आरोहणका कीर्तिमान

❒ अर्जुन 'अन्जान' घिमिरे



पर्वतारोहीहरु एडमण्ड हिलारी (अघिल्लो पंक्ति दायाँबाट तेस्रो) जापानी पर्वतारोही जुनको तावेई तथा तादाओ कान्जाकी

भारतका सर्वेयर राधानाथ सिकन्धर र तेजवीर बुढाथोकीले सगरमाथालाई विश्वको सर्वोच्च शिखर हो भनेर सन् १८५५ मा नापी हुँदा बताए। यस सम्बन्धमा विवाद उत्पन्न हुँदा भारतबाट सन् १८५५ मा नेपालमा रहेका तत्कालीन अंग्रेज रेजिडेण्ट ब्रियान हड्सनसँग पनि राय मागिएको थियो। उनले नयाँ पत्ता लागेको चुली देव ढुङ्गा वा भैरवथान भन्ने भएकाले सोही नाम हुनुपर्छ भनी सुझाव पठाएका थिए। तर तत्कालीन अंग्रेज सरकारलाई यो मान्य भएन। सन् १८६५ मा ब्रिटिश भारतका नापी महानिर्देशक कर्णेल एण्ड्रीयु बागले आफूभन्दा अगाडिका नापी महानिर्देशक सर जर्ज एभरेष्टको नाम नै उक्त नयाँ चुलीको नाम हुनुपर्ने राय पठाएका थिए। अंग्रेजहरुलाई नेपालमा पदयात्रा मनाही, तिब्बततर्फबाट सगरमाथा चढ्न नसक्नुको कारण बेलायतको संसद्मा छलफल हुँदा पनि १८५५ देखि १८५६ भित्र सगरमाथाको नामाकरण हुन सकेन। अन्ततः सन् १८६५ जुलाई ४ मा बेलायतको ग्रीनबीचमा जन्मेका सर जर्ज एभरेष्टकै नामबाट सगरमाथाको नाम माउण्ट एभरेष्ट राख्ने निर्णय बेलायतको रोयल जोग्राफिकल सोसाइटीबाट भयो। भारत स्वतन्त्र भएपछि राधानाथ सिकन्धरको नाम रहनु पर्छ भनेर खैलाबैला मच्चाए पनि शिखर 'सगरमाथा', 'माउण्ट एभरेष्ट', 'झोमोलोङ्गमा', 'मितीगुती चापुलोङ्गा' जस्ता लोकप्रिय स्थानीय र विदेशी नामले प्रसिद्धि कमाइसकेको हुनाले भारतको राधानाथ सिकन्धर नाम राख्ने धोको अधकल्चो भएको थियो।

भू-सर्वेक्षणको शुरुवातसँगै हिमचुचुरा कुन अग्ला भन्ने कुरामा चर्चा चलेको हो। ब्रिटिश भारत सरकारको नापी महानिर्देशकले रोमन अक्षराङ्कनमा पन्धौं चुलीको संज्ञा सगरमाथालाई र सर्वोच्च शिखरको संज्ञा कञ्चनजङ्घालाई दिएका थिए। तर, त्रिकोणात्मक सर्वेक्षणद्वारा यसको यथार्थ उचाइ ८८४८ मि. ठहर गरेपछि भने सगरमाथा विवादमुक्त भई शिर उचो राख्न सफल भएको छ।

मानिस रहस्यलाई कोट्याई रहन चाहने चेतनशील प्राणी हो । यो बानीले मानिसले कति ठाउँमा ज्यान गुमाउनु परेको छ भने कति ठाउँमा सफलता प्राप्त गरेको छ। सगरमाथा विश्वको उच्च शिखर हो भन्ने थाहा भएपछि आरोहणका पाइलाहरु चालिन थालिए। राणाकालमा, विशेषतः अघिल्ला वर्षहरुमा सगरमाथा चढ्न प्रतिबन्ध लगाइएको थियो। वि.सं. १९४२ सालमा क्लिण्टन डेष्टनले सगरमाथा चढ्ने प्रयास गरे। तर, सगरमाथा चढ्न बन्देज लगाइएकै कारण उनको इच्छा पूरा हुन सकेन। वि.सं. १९७८ मा तात्कालिक राणा सरकारले जर्ज म्यालोरीलाई स्वीकृति प्रदान गरेको थियो। तर म्यालोरीले सफलता प्राप्त गर्न सकेनन्। जर्ज म्यालोरी र उनका साथी इर्भिन पुनः वि.सं. १९८२ सालमा सगरमाथाको आरोहणमा पाइला चाले तर उनीहरु दुवैको केही उचाइमै मृत्यु भयो। यी आरोहीको मृत्युले केही समयको लागि सगरमाथा चढ्ने प्रयास रोकिएको पाइन्छ। वि.सं. २००४ सालदेखि नै सगरमाथा आरोहणको लागि खुला गरिनु पर्छ भनेर दवाव आएपछि वि.सं. २००६ सालमा सगरमाथा आरोहणको लागि सबैलाई ढोका खुल्ला गरिएको थियो । यस खुल्लापनले पर्वतारोहीहरुलाई सगरमाथाको वस्तुस्थिति राम्ररी बुझ्न मद्दत गऱ्यो।

सोलुखुम्बु जिल्लाको विश्वको सर्वोच्च शिखर, सगरमाथाको काखमा जन्मिएका तेन्जिङ्ग नोर्गे शेर्पा र न्यूजिल्याण्डका महात्वाकांक्षी पर्वतारोही एडमण्ड हिलारी २०१० जेठ १६ गते ब्रिटिश पर्वतारोही दलबाट प्रथम पटक सगरमाथाको शिखरमा पुग्न सफल भएका थिए। विश्वको सर्वोच्च शिखर सगरमाथाको शिरमा पाइला टेकेको खबर विश्वभर फैलिएपछि अरु पर्वतारोही पनि सगरमाथाको चुचुरो टेक्ने प्रबल आकांक्षाले जुर्मुरिए। तदनुरुप, स्वीट्जरल्याण्डका पर्वतारोहीहरुले दोस्रोपटक र चिनियाँ पर्वतारोहीहरुले तेस्रोपटक सगरमाथाको सफल आरोहण गरे।

तेन्जिङ्ग नोर्गे शेर्पाले भारतको नागरिकता लिएर दार्जीलिङ्गमा बस्न थाले र पछि त्यही देहावसान भयो। उनीपछि नेपालको तर्फबाट प्रथमपटक सगरमाथा चढ्ने व्यक्ति फुदोर्जी शेर्पा हुन्। उनी वि.सं. २०२२ जेठ १६ गते सगरमाथाको चुचुरो चुम्न सफल भएका थिए। नेपालको तर्फबाट सबैभन्दा कम उमेरमा सगरमाथाको चुचुरो टेक्ने युवा पर्वतारोही शम्भु तामाङ हुन्। उनले १८ वर्षको उमेरमा सफल आरोहण गरेका थिए। यसैगरी विश्वको सबैभन्दा कम उमेरमा सगरमाथाको सफल आरोहण गर्ने फ्रान्सका १७ वर्षीय किशोर बर्टाण्ड रोज थिए।

सगरमाथाको सफल आरोहण गर्ने प्रथम पत्रकार स्टाइन एसिन नर्वेका पर्वतारोही हुन्। उनले आरोहण पश्चात् सगरमाथाको थप प्रचार प्रसार गर्ने टेवा पुऱ्याएका थिए। सगरमाथाको आराहेण गर्ने प्रथम महिला जुन्को तावेइ हुन्। जापानकी पर्वतारोही जुन्को तावेइले २०३२ जेठ २ गते सगरमाथाको सफल आरोहण गरेकी थिइन्।

इटालीका राइनहोल्ड मेस्नर र अष्ट्रियाका पिटर ह्यारोल्डले वि.सं. २०३५ सालमा पहिलोपटक बिना अक्सिजन सगरमाथाको आरोहण गरे। प्रथमपटकचुचुरोमा वारपार गर्ने व्यक्ति नेपालका आङफुर्वा शेर्पा हुन्। उनले वि.सं. २०४५ बैशाख २३ गते सगरमाथाको चुचुरो परिक्रमा गरेका थिए। तिब्बत क्षेत्र र नेपालबाट एकैपटक चीन-जापान-नेपालको संयुक्त आरोहण टोलीले वि.सं. २०४५ सालमा सगरमाथाको आरोहण गरेको थियो। यस समयमा उक्त टोलीको आरोहण चित्र जापानको 'निप्पन' टेलिभिजनले विश्वभर प्रत्यक्ष प्रसारण गरेको थियो। यो करामत टोपीमा जडान गरिएको एक विशेष भिडियो क्यामेराको थियो।

समुद्रको सतहदेखि पैदल यात्रा गरेर विश्वको सर्वोच्च शिखर सगरमाथासम्म पुग्ने व्यक्ति अष्ट्रेलियाका टिममेकाटूर्नी स्नेप हुन्। उनी वि.सं. २०४६ माघ २३ गते कलकत्तास्थित हुग्ली नदीको मुख, बंगालखाडी तटबाट पैदल यात्रा शुरु गरेर २०४७ साल वैशाख २० गते सगरमाथाको शिखर



सुङदरे शेर्पा

टेक्न सफल भएका थिए ।

भारतकी डिकी डोल्मा (१९ वर्ष) ले महिलातर्फ सबैभन्दा कम समयमा सगरमाथाको सफल आरोहण (वि.सं. २०५० वैशाख १० गते) गरेर विश्वकीर्तिमान राखेकी हुन् । यो साल सगरमाथाले महिला वर्ष मनाइदियो: नेपाली वीराङ्गना श्रीमती पासाङ ल्हामु शेर्पाले पनि यसै साल वैशाख १० गते विहिवारका दिन सगरमाथाको सफल आरोहण गरेकी थिइन् । २०५० सालमै विश्वका सबैभन्दा बढी महिलाले एकैपटक लगायत विश्वकै सबैभन्दा ठूलो ३८ जनाको समूह सगरमाथाको चुचुरोमा वैशाख २८ गते पुग्न सफल भएको थियो । वि.सं. २०५० सालमै विश्वको अर्को ठूलो कीर्तिमान पनि कायम भएको थियो : भेनेजुएलाका ६० वर्षीय रामोन ब्लाँको सुयारेजले त्यसै वर्ष असोज २१ गते सबभन्दा बढी उमेरमा सगरमाथाको सफल आरोहण गरेका थिए ।

सोलुखुम्बु जिल्लाको नाम्चे बजारका आङरिता शेर्पा विश्वमा सबैभन्दा बढी पटक सगरमाथाका आरोहण गर्ने साहसी व्यक्ति हुन् । हाल ४९ वर्षीय हिउँचितुवा प्रथमपटक वि.सं. २०४० साल वैशाख २४ गते शनिवार र पछिल्लोपटक २०५३ जेठ १० गते विहिवारसम्ममा १० पटक विश्वको सर्वोच्च शिखरमा पाइला राख्न सफल भइसकेका छन् । आङरिताले नै नेपाली पर्वतारोहीमध्ये सबैभन्दा पहिले बिना अक्सिजन सगरमाथाको सफल आरोहण गरेका थिए । आङरितालाई श्री ५ को सरकारले उनको अमूल्य देन, उत्तम सीप र तेजस्वितालाई हृदयङ्गम गर्दै प्रति महिना रु. पाँच हजार दिने निर्णय गरेको छ ।

भारतबाट सर्वप्रथम सगरमाथा आरोहण गर्ने पर्वतारोही वचेन्द्री पाल हुन् भने लगातार दुईपटकसम्म सगरमाथाको चुचुरोमा पुगी विश्व प्रसिद्धि कमाउने महिला सन्तोष यादव हुन् । उनले एक वर्षको फरकमा अर्थात् प्रथमपटक वि.सं. २०४९ मा र दोस्रो पटक २०५० सालमा सगरमाथाको सफल आरोहण गरेकी थिइन् । बिना अक्सिजन सगरमाथाको एक्लै आरोहण वि.सं. २०५२ वैशाख ३१ गते ब्रिटेनकी ३३ वर्षीय महिला पर्वतारोही एलिसन हरग्रिभ्ससले प्रथमपटक गरेकी हुन् । यसैगरी तिब्बती र नेपाली दुवै क्षेत्रबाट सगरमाथाको सफल आरोहण गर्ने व्यक्ति जापानका आसु ओकातो हुन् ।

वि.सं. २०५३ साल एकै महिनाभित्र आजसम्म सबैभन्दा बढी ६४ जना पर्वतारोहीले सगरमाथाको सफल आरोहण गरेका थिए ।

इटालीका राइनहोल्ड मेस्नरले सबैभन्दा पहिलो बिना अक्सिजन, एक्लै सगरमाथा र विश्वका आठ हजार मिटरभन्दा बढी उचाइ भएका १४ वटै हिमशिखरहरुको सफल आरोहण गरिसकेका छन् ।

दशरथ रङ्गशालास्थित सितेरियो करााँते महासंघबाट 'ब्ल्याक बेल्ट' प्राप्त गरेका लोप्साङ शारीरिक सुगठनका धनी व्यक्ति हुन् । उनको सगरमाथा आरोहणमा विश्व चकित छ । उनले सगरमाथाको चुचुरोमा लगेर नेपालको संस्कृतिलाई प्रदर्शित गरेका छन् । लोप्साङले सबभन्दा पहिले शेर्पा पोशाकमा, दोस्रो पटक नेपाली पोशाकमा तेस्रो पटक सितेरियो करााँतेको पोशाकमा सगरमाथाको सफल आरोहण गरिसकेका छन् ।

कार दुर्घटनामा आफ्नो खुट्टा गुमाउन



पासाङ ल्हामु शेर्पा

पुगेका प्राध्यापक टम हिव्टकर कृत्रिम खुट्टाको सहायताले वि.सं. २०५५ जेठ १३ गते विश्वको सर्वोच्च शिखर सगरमाथा टेक्न सफल भएका थिए ।

यस्तै सोलुखुम्बु जिल्लाको तामाखानीमा जन्मिएका ३५ वर्षीय काजी खाइलाग्दा, सुगठित शरीरका धनी छन् । घुमन्ते पशुपालनलाई छोडी पर्वतारोहीको भारी बोक्न थालेका काजी पहिलोपटक सात हजार पाँच मिटरको उचाइबाट फर्केका थिए । नयाँ विश्वकीर्तिमानका नायक काजीले आठ वर्षअघि फ्रेञ्च नागरिक मार्क वर्टार्डले कायम गरेको २२ घण्टा २९ मिनेटको कीर्तिमानलाई तोडी वि.सं. २०५५ साल असोज ३१ गते शनिवारका दिन २० घण्टा २४ मिनेटमा विश्वको सर्वोच्च शिखरमा चढेर नयाँ विश्व कीर्तिमान कायम गरेका हुन् । आठ हजार मिटरभन्दा बढी उचाइका १४ वटा हिमालयमध्ये पाँचवटामा पाइला टेकिसेकेका काजी बाँकी सम्पूर्ण शिखरको शिर चुम्न चाहन्छन् । काजी आफूले घोषणा गरेको १८ घण्टामा सगरमाथा चढ्ने अभिलाषालाई पूरा गर्न प्रतिबद्ध छन् ।

सोलुखुम्बु टाक्सिन्दु गाउँ विकास समिति वडा नं. ७ छुलम गाउँको लाहक्पा शेर्पाका ३३ वर्षीय छोरा, ६ वटा छोरीका बाबु, बाबुछिरी शेर्पा गत जेठ महिनाको विहिवार बिहान नौ बजेदेखि शुक्रवार करिब बिहान सात बजेसम्म विश्वको सर्वोच्च शिखर सगरमाथामा चन्द्र सूर्य अङ्कित राष्ट्रिय झण्डा फहराएर 'श्रीमान् गम्भीर नेपाली ....' राष्ट्रिय गीत गाउँदै विश्व कीर्तिमान राखेर लगभग ६ अर्ब मानिसलाई आश्चर्य चकित तुल्याएका छन् । उनी त्यति लामो बसाइ पछि पनि स्वस्थ छन् र तुरुन्तै अर्को टोलीलाई शिरमा पुऱ्याएर आफूले पनि नवौं पटक पुऱ्याई विश्वको दोस्रो धेरैपटक आरोहण गर्ने व्यक्ति भएका छन्, जुन कुरा चिकित्सा क्षेत्रलाई समेत नौलो अनुभूति हुन पुगेको छ ।

यसैगरी पोखरामा जन्मिएका १५ वर्षीय अरबिन तिमिल्सिना दिनकुमारी शर्माका छोरा तथा कुमुदिनी होम्समा अध्ययनरत छात्र हुन् । विश्वकै कान्छो पर्वतारोही बन्ने महत्वाकांक्षा राखेर २०५६ साल वैशाख २२ गते बुधवार बिहान साढे एघार बजे आठहजार सातसय मिटर उचाइस्थित साउथ समिट पुगेपछि बेजोड आँखा दुखाइका कारण फर्किएका थिए । १७ वर्षीय सबभन्दा कान्छा आरोहीको तुलनामा अरबिनको कार्य उमेर अनुसार बढी मानिन्छ ।

यसरी वि.सं. २००६ सालमा सगरमाथा आरोहणको लागि अनुमति दिइएपछि हालसम्म ७२० जनाभन्दा बढी पर्वतारोहीहरुले सगरमाथाको आरोहण गरिसकेका छन् ।

आरोहणका प्रमुख दुर्घटनाहरु - वि.सं. १९८२ मा इर्भिन तथा जर्ज म्यालोरी दुवैको मृत्यु भएको थियो । वि.सं. २०५३ मा एकै पटक सबैभन्दा बढी नौजना पर्वतारोहीहरुको मृत्यु भएको थियो । वि.सं. २०५० वैशाख ११ गते नेपाली प्रथम महिला आरोही नेपाल ताराद्वारा विभूषित पासाङ ल्हामु शेर्पाको बास बसेको ठाउँमा हिउँले पुरिई मृत्यु भएको थियो । सगरमाथा आरोहणकै क्रममा २००९ सालदेखि हालसम्म करिब २०५ जना जति पर्वतारोहीहरुको मृत्यु भइसकेको छ ।

❑



सोनाम छिरिङ शेर्पा

गिनिजबुकमा नाम अंकित गर्ने पर्वतारोहीहरु


आङरिता शेर्पा

विश्व रेकर्डसम्बन्धी संसारको सर्वाधिक चर्चित र धेरै बिक्री हुने किताब 'गिनिज वर्ल्ड रेकर्ड २०००' को मिलेनियम संस्करणमा पाँच जना नेपाली महारथीहरुले आफ्नो नाम प्रकाशित गर्न सफल भएका छन् ।

लण्डनबाट प्रकाशित सो किताबको अमेरिकी संस्करण हालै बजारमा आएको छ, जसमा पर्वतारोहणजस्ता साहसपूर्ण कार्यमा विश्व रेकर्ड बनाउन सफल यी नेपालीहरुको नाम उल्लेख गरिएको छ ।


त्यस किताबमा नाम लेखाउन सफल विश्व कीर्तिमान कायम गर्ने व्यक्तिहरुमा बाबुछिरी शेर्पा, काजी शेर्पा, आङ्रिता शेर्पा, शम्भु तामाङ र स्व. तेन्जिङ् नोर्गे शेर्पा रहेका छन् ।

अंग्रेजीलगायत अन्य २२ भाषामा प्रकाशित भई संसारका ७० भन्दा बढी देशमा करिब ९ करोड प्रति बिक्री हुने अनुमान गरिएको सो पुस्तकले हालै सगरमाथाको चुचुरोमा धेरै समय बिताउने बाबुछिरी शेर्पा र सबैभन्दा छिटो सगरमाथा चढ्ने काजी शेर्पाको तस्वीरलाई विशेष प्राथमिकताका साथ छापेको छ ।


शम्भु तामाङ

विश्वको सर्वोच्च शिखर सगमाथाका प्रथम ओरोहीहरुमा एडमण्ड हिलारी (न्यूजिल्याण्ड) र तेन्जिङ नोर्गे शेर्पा (नेपाल) भनी सो किताबमा स्पष्टरुपमा लेखिएको छ । युरोप र अमेरिकाबाट प्रकाशित हुने प्रायः जसो किताबमा भने तेन्जिङलाई 'इण्डियन' भनी उल्लेख गरिएको पाइन्छ । ती दुई जनाले सन् १९५३ को मेमा सर्वप्रथम सगरमाथाको चुचुरोमा मानव पाइला राखेका थिए ।

यस अनुसार काजी शेर्पाले १७ अक्टोवर १९९८ मा आधारशिविर (१७,५५२ फिट) बाट चुचुरोसम्म २० घण्टा २४ मिनेटमा पुगेर विश्व कीर्तिमान कायम गरेका थिए । यसभन्दा अगाडि फ्रान्सका मार्क वर्टार्डले १९८८ सेप्टेम्बर २५, २६ मा २२ घण्टा २९ मिनेटको रेकर्ड बनाएका थिए । बर्टार्डले त्यस बखत अक्सिजन बोतल प्रयोग गरेका थिएनन् भने काजीले झर्दाखेरि प्रयोग गरेका थिए ।


बाबुछिरी शेर्पा

बाबुछिरी शेर्पाले यसै वर्ष विना अक्सिजन २१ घण्टा लगातार सगरमाथाको चुचुरोमा बिताएर अत्यन्त महत्वपूर्ण रेकर्ड बनाउन सफल भए । हालसम्म एक घण्टाभन्दा बढी समय चुचुरोमा बस्न अरु व्यक्तिले सकेका छैनन् । बाबुछिरीले सोही सिजनमा दुई पटक चुचुरोमा पुगी एउटै सिजनमा दुई पटक चुचुरोमा पुग्ने रेकर्डसमेत बनाउन सफल भएका छन् ।

सबैभन्दा सानो उमेरमा सगरमाथा चढ्नसक्ने नेपालका शम्भु तामाङलाई सो किताबले 'योङगेष्ट क्लाइम्बर' को उपाधि दिएको छ । शम्भु तामाङ सन् १९७३ मे ५ मा सगरमाथा चढ्दा मात्र १७ वर्ष ७ महिना १५ दिनका थिए । पुस्तकले सगरमाथा आरोहणको गौरवशाली सूचीमा नेपालका हिउँ चितुवाका उपाधिले चर्चित आङ्रिता शेर्पालाई पनि उल्लेख गरेको छ । आङ्रिताले १० पटकसम्म विना अक्सिजन सगरमाथाको आरोहण गरेका छन् ।


काजी शेर्पा

प्रणाम छ ! सगरमाथा

– युलुङ किरात

यात्राको पानामा
चिराइतो र बुकि फुलेको सेताम्मे बारीमा
सुस्तरी बहने बिहानको हावा खाँदै
फाप्लु चिवाङ्खोप्को गुराँसे घारी उक्लेर
आएको छु चिवाङगुम्बा बुद्धको अगाडि
प्रेम र शान्तिको बत्ती बालेर
मन-भित्रको रहरहरु सँगाल्दै
यो रातनाङ्गीबाट
प्रणाम छ ! भगवान
प्रणाम छ ! सोलुको देवता
दूधकुण्ड, नुम्बुर र केरुलुङको
स्वयम्भूको चैत्य जस्तो हिउँको दरवारलाई
प्रणाम छ ! सगरमाथा
प्रणाम छ ! हिमशैलका राजा-महाराजा हिमालहरुलाई ।

❐

धर्ती र आकाश ह्वाङ्ग पारेर
बादलले घुम्टो खोल्दा
घामको वर्कोले झलमल्ल पोतेछ
आह कति सुन्दर ! हिमचुलीका मन्दिरहरु
आनन्द विभोरले हेर्दैछु
कतै हिममानव यति देखिन्छ कि
दूरबीनले हेर्छु तर
पृथ्वीको सर्वोच्च शीर नेपालको गौरव सगरमाथा
तिम्रो महिमा संसारभर गाउँछन्
तिमीलाई हेर्न पर्यटकहरु
कुनै तीर्थस्थलको भक्तजन जस्तै
प्रकृति-प्रेमको आँगनमा लस्कर आउँछन्
तिम्रो सम्झनामा
पासाङ ल्हामु र हिलारी
आङ्रिता र जुनको तावेई
मितेरी साँघुका गीतहरु गाउँदै होलान्
विश्वकै सम्पदा भएकोले
आधार शिविरबाट तिम्रो तस्वीर खिच्ने
रियोतारो हासोमोतोले
ती फोहोर-मैला हटाउने
योजना बनाउँदै होलान्

❐

सगरमाथा तिमी र तिम्रो लस्कर भाइ-भारदारहरु
ल्होत्से, नुप्से, चोयु, पोमुरी, ग्याचुङकाङ, खुम्बुत्से र शान्तिशिखरको
आमादाब्लाम, थामसेर्कु, काङतेगा, कुसुमकाङ्गुरु र खुम्बिलाको
चित्र-विचित्र रुप-रङ्ग देखेर
गोक्यो (दूधकोशीको मुहान), नौलेक पाँच पोखरीबाट
चाँदीको पेटीजस्तो छाँगा छहरामा नाच्दै
जिन्दगी नै स्वच्छन्द बगिरहने नदीहरु भेटेर
स्वदेश-विदेशका पर्यटकहरुलाई
यस्तो भन्न मन लाग्छ
आउ ! सोलुखुम्बु
प्रत्येक सूर्योदयको दैलो उघारेर
हाम्रो प्यारो देशको
साँच्चै सुन्दर-सजीव दृश्यहरु हेर
र सृष्टिको साँग्रिलाहरुलाई भेट ।

डेस्टिनेशन नेपाल वर्ष २००२

प्रधानमन्त्रीको अध्यक्षतामा गत मङ्सीर ३ गते सम्पन्न पर्यटन परिषद्को पाँचौं बैठकले नेपालको पर्यटन उद्योगलाई गति दिनसक्ने दूरगामी महत्वका दुई निर्णयहरु गरेको छ- (क) अधिराज्यका सम्भाव्य स्थलहरुमा पूर्वाधारको व्यवस्था, स्थानीय निकायको संलग्नता, पर्यटकीय गन्तव्यस्थलका समुदायमा सचेतता, वातावरणीय गुणस्तरको सम्वर्द्धनको लागि सन् २००२ को अन्त्यसम्म दश लाख पर्यटक नेपाली आउने लक्ष्य राखी सन् २००२ लाई डेस्टिनेशन नेपाल इएर' को रुपमा विशेष राष्ट्रिय कार्यक्रम सञ्चालन गर्ने तथा (ख) विश्वव्यापी रुपमा खेलकुदीय पर्यटनतर्फको बढ्दो चाखलाई दृष्टिगत गरी नयाँ शताब्दीको शुरुमा हिमालयको प्राकृतिक पृष्ठभूमिका साहसिक खेलकुदलाई प्रचार गर्न नेपालको गन्तव्य स्थलको दीर्घकालीन छविलाई सकारात्मक योगदान पुग्ने देखिएकोले सन् २००१ लाई 'खेलकुद हिमालय इअर '२००१' अर्थात् खेलकुद पर्यटन वर्षका रुपमा वृहद् कार्यक्रम सञ्चालन गर्ने।



सात वर्षअघि गठित पर्यटन परिषद्को हालै सम्पन्न पाँचौं बैठकले पर्यटन क्षेत्रको वर्तमान स्थितिको समीक्षा गर्नुका अतिरिक्त पर्यटन गतिविधिलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण क्षेत्रको रुपमा विस्तार गर्न हवाई यातायातमा सुधार तथा अभिवृद्धि, पर्यटकीय गतिविधि विस्तार तथा गन्तव्यस्थलको व्यापक प्रचारप्रसार तथा निजी क्षेत्रको सक्रिय सहयोग र साझेदारी अभिवृद्धि जस्ता काममा चिन्तन गरेको छ। पर्यटन परिषद्को बैठकमा पर्यटन विकासका लागि सरकारीस्तरबाट प्रतिबद्धता व्यक्त गरिए पनि परिषद्को बैठक विगतमा झैं औपचारिकतामा सीमित हुने गरेको तथा निजी क्षेत्रद्वारा प्रस्तुत सुझावहरुको प्रभावकारी कार्यान्वयनमा सरकार त्यति गम्भीर हुन नसकेको निजी क्षेत्रको आरोप छ। पर्यटन परिषद्को यस पटकको बैठक विगतमा झैं औपचारिकता निर्वाह गरेर सम्पन्न भए पनि यसले सन् २००२ लाई डेस्टिनेशन नेपाल वर्षका रुपमा मनाउन गरेको निर्णय राष्ट्रिय पर्यटन उद्योगलाई थप गति दिन अत्यन्त महत्वपूर्ण मानिनुपर्दछ।

सन् १९९८ लाई नेपाल भ्रमण वर्षका रुपमा मनाएको नेपालले भ्रमण वर्षको आयोजनको फलस्वरुप अन्तर्राष्ट्रिय पर्यटन बजारमा एक विशिष्ट पर्यटन गन्तव्यस्थलको रुपमा रहिआएको नेपालको छविलाई पुनः स्थापित गर्न उत्प्रेरणा पाएको पृष्ठभूमिमा पर्यटन क्षेत्रका समस्या र चुनौती समाधान गर्ने दिशामा सरकार तथा निजी क्षेत्रका व्यवसायहरु अब संवेदनशील हुन थालेका छन्। सन् १९९८ मा नेपाल भ्रमण गर्ने पर्यटक संख्या पाँच लाख पुऱ्याउने, पर्यटकहरुको नेपालको औसत बसाइ अवधि १३ रात र औसत प्रतिदिन खर्च ४९ अमेरिकी डलर बराबर पुऱ्याउने लक्ष्यका साथ मनाइएको नेपाल भ्रमण वर्ष उल्लेखित लक्ष्य प्राप्तिमा सफल हुन सकेन, तथापि भ्रमण वर्षले पक्षाघातबाट पीडित पर्यटन क्षेत्रलाई जीवनजल दिई नयाँ दृष्टिकोण र धरातलमा उभ्याएको छ। सरकारी तथ्यांकअनुसार, विगत डेढ दशकमा नेपाल भ्रमणमा आउने पर्यटक संख्यामा वार्षिक आठ प्रतिशतले वृद्धि भई सन् १९९८ मा नेपाल भ्रमण गर्ने पर्यटक संख्या चारलाख ६३ हजार ६८४ पुगेको छ। नेपाल वसाईंका अवधिमा एक पर्यटकले औसत ४७५ अमेरिकी डलर बराबरको विदेशी मुद्रा खर्च गर्दछ तथा पदयात्रा पर्यटनसमेतको कारण पर्यटकको नेपाल बसाइ अवधि १० देखि १३ दिनसम्म घटबढ हुने गरेको छ। काठमाडौंबाट २३ वटा अन्तर्राष्ट्रिय विमानस्थलमा प्रत्यक्ष र नियमित हवाईसेवा सञ्चालन भएको हुँदा वार्षिक करीब १० लाख हवाई सिट उपलब्ध भएको तथा होटल उद्योगद्वारा २० हजार शैया सञ्चालनमा रहेको परिप्रेक्ष्यमा पर्यटक आगमनतर्फ प्राप्त उपलब्धि सन्तोषप्रद छैनन्।

नेपाल भ्रमण वर्षको आयोजनाले पर्यटन क्षेत्रको विस्तारमा आशाका संकेतहरु सञ्चार गरेको छ। चालू सन् १९९९ को प्रथम नौ महिनामा हवाई मार्गबाट आउने पर्यटक संख्या गत वर्षको त्यस अवधिको पर्यटक आगमनको तुलनामा ५.५ प्रतिशतले वृद्धि भएको मात्र होइन, हवाई सिट क्षमता पनि क्रमिक रुपमा वृद्धि भएको छ र गुणस्तरयुक्त होटल सुविधा समेत बढ्दै गएकोले पर्यटक आगमन वृद्धि गर्न अल्पकालीन र दीर्घकालीन दृष्टिले सोच्नु जरुरी छ। यस स्थितिलाई दृष्टिगत गरी सरकारले सन् २००२ लाई डेस्टिनेशन नेपाल वर्षका रुपमा मनाउन गरेको निर्णयको सफल कार्यान्वयनको लागि अहिलेदेखि नै गृहकार्य गर्नु आवश्यक छ। दुई वर्षपछि आयोजना गरिने डेस्टिनेशन नेपाल वर्षका कार्यक्रमलाई योजनाबद्ध रुपमा सञ्चालन गर्ने सोचाइ अहिलेदेखिनै राखिएमा त्यसवर्ष नेपाल भ्रमण गर्ने पर्यटक संख्या १० लाख पुऱ्याउन समस्या पर्ने छैन।

सरकारले सन् २००२ लाई डेस्टिनेशन नेपाल वर्षको रुपमा मनाउने प्रस्तावना सँगसँगै नेपाल भ्रमण वर्ष १९९८ आयोजना गर्ने अवधारणा प्रस्तुत गनुहुने वरिष्ठ पर्यटन व्यवसायी कर्ण शाक्यले खेलकुदको माध्यमबाट पर्यटनको प्रबर्द्धन गर्न सन् २००१ लाई खेलकुद पर्यटन वर्षका रुपमा मनाउन प्रस्तुत गर्नुभएको प्रस्तावप्रति सरकारले सकारात्मक दृष्टिकोण लिएको छ। पश्चिमी विश्वमा परम्परागत पर्यटनको अवधारणामा निकै परिवर्तन आई नयाँ नयाँ पर्यटकीय 'प्रडक्ट' प्रबर्द्धन गरिएका सन्दर्भमा नेपालमा पनि परम्परागत सोचाइबाट मात्र पर्यटन क्षेत्रको विकास विस्तार हुन सक्तैन। नेपालले खेलकुद क्षेत्रमा निकै लगानी गरिसकेको र दक्षिण एसियाली खेलकुद समारोह सफलतापूर्वक आयोजना गरेको पृष्ठभूमिमा विश्व नयाँ सहस्राब्दीमा प्रवेश गर्ने क्रमसँगै सन् २००१ लाई खेलकुद हिमालय वर्षका रुपमा मनाउन सकिएमा त्यसबाट डेस्टिनेशन नेपाल वर्षलाई सार्थक पार्न टेवा पुग्नेछ।

पर्यटन सचिव बरुणप्रसाद श्रेष्ठले पर्यटन परिषद्को बैठकमा उल्लेख गर्नु भएअनुसार सरकारबाट प्राथमिकताप्राप्त पर्यटन क्षेत्रमा पर्यटकको आगमन तथा विदेशी मुद्रा आर्जनमा वृद्धि एवं निजी पर्यटन व्यवसायीहरुको लगानी परिचालनबाट पर्यटकीय सेवा सुविधा विस्तार भए तापनि देशको महत्वपूर्ण आर्थिक विकल्पको रुपमा रहेको पर्यटनलाई सम्भाव्यताको तुलनामा विकास गर्न सकिएको छैन। यस प्रयोजननिम्ति पर्यटक उद्गम स्थलबाट नेपाल भ्रमणमा आउने पर्यटकहरुले भोग्नुपरेको हवाई सिट अभावको समाधान, पर्यटकीय क्षेत्रहरुमा पर्यटकीय आकर्षक बढाउने कार्यक्रम, पर्यटन पूर्वाधारको विकास, पर्यावरणीय-पर्यटनतर्फको चिन्तन तथा अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपालको प्रचार-प्रसार र प्रबर्द्धन गर्नेतर्फ ठोस कार्यक्रम अघि बढाउनुपर्दछ। र, 'डेस्टिनेशन नेपाल' वर्ष अगाडि यी समस्या समाधानानार्थ विशेष कार्यक्रम सञ्चालन गरिनु आवश्यक छ।

नेपाल भ्रमण वर्ष १९९८ पछि नेपाली पर्यटनले पर्यटन विकासमा विद्यमान प्रतिस्पर्धालाई आत्मसात गरी नवीन धारणालाई अघि सारेको तथा जल्दाबल्दा समस्याहरु समाधान गर्न प्रतिबद्धता जाहेर गरेकोले सरकारले निजी क्षेत्रलाई विश्वासमा लिई अघि बढ्नु जरुरी छ। फ्रान्सको रेड गुलबाज संस्थाको अग्रसरतामा सन् २००० को अप्रिल-मेमा नेपालमा आयोजना गरिने "ट्रान्स हिमालय-२०००" कार्यक्रम, सन् २००१ लाई 'खेलकुद हिमालय वर्ष' तथा सन् २००२ लाई 'डेस्टिनेशन नेपाल वर्ष' का रुपमा मनाउन प्रारम्भ गरिएको अभ्यास पर्यटन क्षेत्रको विकास विस्तारका सन्दर्भमा दीर्घकालीन महत्वका भएकाले यी कार्यक्रमलाई औपचारिकता र प्रचार-प्रसारमा मात्र सीमित राख्ने प्रवृत्तिबाटमाथि उठी यसको माध्यमबाट नेपाली पर्यटनलाई पुनर्जीवन प्रदान गर्ने उपायतर्फ अहिलेदेखि नै गम्भीररुपमा सोचिनुपर्दछ। विस्तृत गृहकार्यको अभावमा 'डेस्टिनेशन नेपाल वर्ष' ले विश्वका १० लाख पर्यटकलाई नेपाल भ्रमणमा आकर्षित पार्न सक्नेछैन।

- रमेश तिवारी

हिमाली क्षेत्रको प्रवेशद्वार

लुक्ला र जोमसोम विमानस्थल

खुम्बु क्षेत्र र अन्नपूर्ण क्षेत्रको प्रवेशद्वार लुक्ला र जोमसोम अहिले नेपाली पर्यटन जगतमा चर्चामा आएका छन् । एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित दोस्रो पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत नेपाल नागरिक उड्डयन प्राधिकरणले अब देशका लुक्ला, जोमसोम, जुम्ला, भरतपुर र विराटनगरका विमानस्थलहरुको सम्भार तथा सृदृढीकरण गर्ने योजना अघि सारेको छ । प्राधिकरणले सन् २००० को मे महिनादेखि लुक्ला र जोमसोम विमानस्थलमा धावनमार्ग विस्तार, टर्मिनल भवन निर्माण र धावनमार्गमा कालोपत्र लगाउने १४ महिनाको कार्यक्रम तय गरेकोले त्यसबाट समग्रमा राष्ट्रको पर्यटन उद्योगमा पर्न सक्ने प्रतिकूल असरप्रति पर्यटन व्यवसायीहरु विशेषतः ट्रेकिङ्ग एजेन्सीहरु चिन्तित हुन थालेका छन् ।

नेपालको पर्यटन विकास विस्तारमा खुम्बु र अन्नपूर्ण क्षेत्रको अग्रणी स्थान रहिआएको छ । सगरमाथाको प्रवेशद्वार खुम्बुमा वर्सेनि ४५ हजार तथा अन्नपूर्ण क्षेत्रमा करिब ७० हजार पदयात्री पुग्ने गर्दछन् । खुम्बु क्षेत्रका हिमशिखरहरु आरोहण गर्न त्यसतर्फ जाने पर्वतारोही तथा पदयात्रीहरुका लागि लुक्ला विमानस्थलले उल्लेख्य सेवा पुऱ्याउँदै आएको छ र लुक्ला विमानस्थलकोअभावमा खुम्बु क्षेत्रको पर्यटन विकास, विस्तार, कल्पना गर्न सकिदैन । लुक्लाबाट नाम्चे बजार, स्याङबोचे, थ्याङ्गबोचे, गोक्यो उपत्यका र सगरमाथाको आधार शिविर जाने पदयात्री र पर्वतारोहीहरु हुन् अथवा अन्नपूर्ण क्षेत्रको भ्रमणमा जाने पदयात्री हुन्, लुक्ला र जोमसोम विमानस्थलले त्यस क्षेत्रको पर्यटन वहन क्षमता वृद्धिगर्न पनि योगदान पुऱ्याएका छन् ।

देश राजनीतिक बहुलवादमा प्रवेश गरेपछि सरकारले अख्तियार गरेको खुला र उदार हवाई नीति अनुरुप निजी क्षेत्रका विमानसेवाहरुले लुक्ला र जोमसोम क्षेत्रतर्फका उडानलाई उच्च प्राथमिकता दिएका छन् । लुक्लाको प्रसङ्गमा विदेशीहरुका लागि उच्च भाडादर निर्धारण गरिएकोले नेपालीहरुले लुक्ला आवागमन गर्न जटिल समस्या बेहोर्नु परिरहेको छ । ट्रेकिङ्ग एजेन्ट्स एसोसिएसन अफ नेपाल (टान) का पूर्व अध्यक्ष पेम्बा शेर्पाको विचारमा सम्भारका कारण लुक्ला र जोमसोम विमानस्थल लामो समय बन्द गरिएमा त्यसबाट नेपालको पर्यटन पछाडि धकेलिनेछ । लुक्ला र जोमसोम विमानस्थल १४ महिनामा मरम्मत सम्भार गरिने बताइए पनि विगतमा विमानस्थलहरुको सुदृढीकरण गतिविधि दृष्टिगत गर्दा ती विमानस्थल समयमै निर्माण गरिने विश्वास गर्न सकिदैन । पर्यटकीय निकायहरुले खुम्बु र अन्नपूर्ण दुवै क्षेत्रमा सन् २००० का प्याकेज कार्यक्रम बिक्री गरिसकेकाले लुक्ला र जोमसोम विमानस्थल बन्द गरिएमा सहस्राब्दी प्याकेजमा नेपाल भ्रमण गर्न इच्छुक पर्यटकहरुमा नेपालप्रतिको विश्वसनीयतामा प्रतिकूल असर पर्न सक्छ- पेम्बा शेर्पा थप्नुहुन्छ ।

श्री ५ को सरकारले चालू आर्थिक वर्षदेखि खुम्बु, अन्नपूर्ण र लाङटाङ् क्षेत्रमा पदयात्रा अनुमति लिनुपर्ने व्यवस्था खारेज गरेपछि त्यसप्रति सरकारी र निजी क्षेत्रबीच विवाद कायमै छ । सरकारी निकायहरुले पदयात्रा अनुमति खारेजीबाट त्यस क्षेत्रको पदयात्रा प्रबर्द्धनमा उल्लेख्य उपलब्धि हासिल भएको बताए पनि ट्रेकिङ्ग एजेन्सीहरु त्यस पक्षलाई स्वीकार गर्ने पक्षमा छैनन् । राष्ट्रिय योजना आयोगका सदस्य डा. शङ्कर शर्माका अनुसार, उल्लेखित पदयात्रा क्षेत्रमा अनुमतिपत्र लिनुपर्ने व्यवस्था खारेज गरिएपछि यस वर्ष त्यस क्षेत्रको पदयात्रामा पुग्ने पदयात्रीहरुको संख्या नाटकीय ढंगमा वृद्धि भएको छ । अर्कोतिर ट्रेकिङ्ग एजेन्सीहरु यस व्यवस्थाबाट ट्रेकिङ्ग उद्योगको भविष्य अन्धकार हुने सम्भावना बढ्दै गएकोले सरकारी निर्णयको पुनर्मूल्याङ्कन गरिनुपर्ने तथा यस वर्षको निर्णय फिर्ता लिन सरकारी निकायहरुलाई घचघच्याइरहेका छन् ।

खुम्बु, अन्नपूर्ण र लाङ्टाङ् क्षेत्रमा पदयात्रा अनुमति लिनु नपर्ने सम्बन्धमा गरिएको निर्णयप्रतिको विवाद किनारा नलाग्दै सन् २००० मे महिनादेखि लुक्ला र जोमसोम विमानस्थल बन्द गर्ने र १४ महिनामा सम्भार पूरा गरिने उड्डयन प्राधिकरणको निर्णय अव्यावहारिक भएको र त्यसबाट पर्यटन विकासमा गम्भीर असर पर्ने व्यवसायीहरुको जिकिर छ । ट्रेकिङ्ग व्यवसायीहरु पोखरा विमानस्थल सुधार कार्यक्रम छ महिनामा पूरा गर्ने लक्ष्य राखिएकोमा डेढ वर्ष लागेको परिप्रेक्ष्यमा १४ महिनामा काम पूरा गरिने भनिएको लुक्ला र जोमसोम विमानस्थलको काम पूरा गर्न तीन वर्ष लागेमा आश्चर्य मान्नु नपर्ने बताउँछन् । "लुक्ला विमानस्थलको तल दूधकोशी रहेको, भौगोलिक अवस्थिति जटिल रहेको तथा लुक्लाको भौगर्भिक स्थिति चट्टानले पूर्ण भएकोले सोचे अनुरुप त्यसलाई कालोपत्रे गर्न सकिदैन र सुदृढीकरण र सम्भारका नाममा त्यहाँ गरिने कार्यले झन् समस्या सिर्जना गरी लामो समयसम्म लुक्ला बन्द रहनसक्नेछ, लुक्ला विमानस्थल बन्द हुनु भनेको खुम्बु क्षेत्रको पर्यटनमा ग्रहण लाग्नु हो" ट्रेकिङ्ग व्यवसायी पेम्बा शेर्पाको विचार छ ।

देशमा हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सहित ४४ विमानस्थल छन् र त्यसमध्ये १३ वटा विमानस्थलहरु- वैतडीको पाटन, डोटीको दिपायल, कैलालीको टीकापुर, दाडको दाङ, सप्तरीको राजविराज, गोरखाको पालुङ्टार, बाग्लुङको बलेवा र ढोरपाटन, रोल्पाको रोल्पा, दार्चुलाको धार्चुला, दोलखाको जिरी, कञ्चनपुरको महेन्द्रनगर तथा रसुवाको लाङ्टाङ् बन्द अवस्थामा रहेका छन् । एकातिर लामो समयदेखि हवाई यातायात सम्पर्कमा रहेका विविध दृष्टिले महत्वपूर्ण विमानस्थल बन्द भई गौचरण क्षेत्रमा परिवर्तन भएका छन् भने अर्कोतर्फ ती विमानस्थललाई पुनः सञ्चालनमा ल्याउने सोचाइ राखिनु सट्टा थप पाँवटा विमानस्थल मुगुको तात्चा, कालीकोटको कालीकोट, अछामको कमल बजार र सोलुखुम्बुको कागेल डाँडा र खोटाङ्गको थामखर्कमा विमानस्थल निर्माण गर्ने कार्यक्रम अघि सारिएको छ । यातायात पूर्वाधारको विकासको अभावमा पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रले विदेशी पर्यटकहरुलाई आकर्षित पार्न नसकिरहेका स्थितिमा ती क्षेत्रका विमानस्थललाई प्रयोगमा ल्याइनु सट्टा लुक्ला र जोमसोम जस्ता सर्वाधिक विमान आवागमन हुने विमानस्थल मर्मत सम्भारको कारण लामो समय बन्द गर्ने योजना पर्यटन दृष्टिले प्रत्युत्पादक हुन सक्ने निश्चित छ ।

पर्यटकीय मौसममा लुक्ला विमानस्थलमा दैनिक करिब ३० उडान र जोमसोममा करिब १५ उडान हुने गरेको छ र निजी क्षेत्रको आन्तरिक विमानसेवाहरु ती क्षेत्रमा आफ्नो गुणस्तरीय सेवा बिक्री गर्न तीव्र प्रतिस्पर्धामा उत्रेका छन् । लुक्ला र जोमसोम जस्ता विमानस्थल बन्द गरिएमा ती क्षेत्रमा पर्यटक आगमनमा ह्रास आउने भएकोले त्यसको विकल्प सोचिनु जरुरी छ । प्रसिद्ध महिला पर्वतारोही निमी शेर्पाको धारणा छ- नेपाल भ्रमण वर्षको आयोजनापछि कतिपय ट्रेकिङ्ग एजेन्सीहरुले खुम्बु र अन्नपूर्ण क्षेत्रमा आफ्ना कार्यक्रम अघि सारेर बुकिङ्ग गरिसकेकोले ती दुवै विमानस्थललाई लामो समय बन्द गरिनु हुँदैन, ती क्षेत्रमा आवागमन गर्ने विकल्प तयार पारेर मात्र विमानस्थलको मर्मत सुधार गरिनु पर्दछ, 'अफ सिजन' मा एक पल्ट लुक्ला र अर्को वर्ष जोमसोम विमानस्थलको सुधार यथाशक्य चाँडो सक्ने गरी कार्यक्रम सञ्चालन गरिनु पर्दछ ताकि पर्यटन व्यवसाय घराशायी नहोस् । लुक्ला र जोमसोम विमानस्थल बन्द गरिंदा त्यसबाट स्थानीय जनजीवनमा पर्ने प्रतिकूल असरलाई मनन गरी निर्माण र सुधारको नाममा ती दुवै विमानस्थल १४ महिना बन्द गर्ने निर्णय विरुद्ध स्थानीय जनता पनि जुर्मराउन थालेका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरणका अधिकारीहरुले लुक्ला र जोमसोम विमानस्थलको सुधार कार्य 'अफ सिजन' मा थालिने पिक सिजन' मा विमानस्थल बन्द नगरिने तथा दुवै विमानस्थल सुदृढीकरण कार्य निर्धारित समयमै अर्थात् यथाशक्य चाँडो पूरा गरिने स्पष्ट पारेपनि व्यवसायीहरु त्यसप्रछि आश्वस्त हुन सक्ने आधार देख्दैनन् । हिमाली क्षेत्रको दृश्यावलोकनका लागि मुख्य प्रवेश द्वार र कुल पर्यटक आगमनमा ३० प्रतिशत हिस्सा ओगट्ने पदयात्रीमध्ये अधिकांश ती क्षेत्रको पदयात्रामा जाने भएकोले समयमै ती विमानस्थल निर्माण गर्दा पदयात्रा व्यवसाय, निजी क्षेत्रका विमानसेवाहरु तथा पदयात्रीहरुले सामना गर्नुपर्ने समस्यालाई असर नपर्ने गरी वैकल्पिक उपायको खोजी गरिनु पर्दछ । लुक्ला र जोमसाम विमानस्थललाई युद्धस्तरमा 'अफ सिजन' मा सुधार गर्ने प्रतिबद्धता सहित प्राधिकरण अघि बढ्नु जरुरी छ ।

❐ रमेश तिवारी

पर्वतीय पर्यटनको विकास : समस्या र समाधान

- बमसिंह राणाभाट

प्राकृतिक सौन्दर्य, स्रोत र साधनहरुमा नेपाल अत्यधिक मात्रामा धनी रहेको छ भन्ने कुरामा शायद कसैको पनि दुईमत छैन होला । अनुपम् सौन्दर्य स्रोतको रुपमा रहेको हिमाली श्रृङ्खला, हरिया पहाड, खोंचहरुमा बग्ने असंख्य नदीनाला र अन्नको भण्डारको रुपमा रहेको विशाल तराईको फाँटहरुले नेपाललाई वास्तवमै विश्वकै एक धनी देशको रुपमा प्रस्तुत गरेकोलाई अस्वीकार गरिहाल्ने ठाउँ छैन । तर बाहिरको भौतिक आवरण हेर्दा धनी जस्तो देखिए पनि नेपालको भित्री रुप भने त्यस्तो छैन । धेरै लामो समयदेखि नै गरीबी र विपन्नता नेपाल र नेपालीको नियति बन्दै आएको छ । अर्को शब्दमा भन्ने नै हो भने ल्हासामा सुन छ, कान मेरो बुच्चै भनिने उखान नेपालको सन्दर्भमा लागू भइरहेको छ ।

वास्तवमा द्रुतगतिमा पर्यटन क्षेत्रको विकास र ८३ हजार मेघावाट विद्युत शक्ति उत्पादन क्षमताको समुचित सदुपयोग गर्ने हो भने नेपालको आर्थिक र सामाजिक क्षेत्रको विकासले कोल्टे नै फेर्न सक्ने कुरामा कुनै शंका छैन । किन हो कुन्नी नेपालको विकासको गतिमा निरन्तर बाधा अवरोधहरु मात्रै देखिने गरेका छन् । पर्यटन क्षेत्रको विकासमा मात्रै पनि नेपालले राम्ररी ध्यान केन्द्रित गर्ने हो भने वार्षिक रुपमा अर्बौं डलर कमाउन सक्ने स्थिति र वातावरण विद्यमान छ । तर हामी शक्तिमा रहेकाहरुले भने पर्यटन क्षेत्रको पूर्वाधार तयार भइसकेको दावी गर्न कत्ति पनि हिच्किचाउँदैनौ भने व्यवहारमा हेर्दा त्यस्तो स्थिति विद्यमान नरहेको कुरा सबैले अनुभव गरेका छन् । किनभने विदेशी पर्यटकहरुलाई आकर्षित गर्न धेरै तत्वहरुको आवश्यकता पर्दछ । उनीहरुलाई अत्यधिक सुविधाहरु दिन सकेको खण्डमा मात्रै पर्यटकहरुको आगमनलाई आकर्षित गर्न सकिन्छ ।

पर्यटन क्षेत्रको समुचित विकास भन्ने बित्तिकै सम्बन्धित देशको नीति, कानुन र प्राकृतिक वातावरणका बारेमा चासो उठ्नु स्वाभाविक नै हो । वास्तवमा वातावरण संरक्षणका प्रयासहरुले सन्तोषजनक ढंगमा लक्ष्य भेदन गर्न नसकेकै कारणले गर्दा नेपालको प्राकृतिक वातावरणमा निरन्तर ह्रास देखिदैछ । मानवीय क्रियाकलापहरुले गर्दा नै प्राकृतिक वातावरण खल्बलिन गएको देखिन्छ । नेपालको सामाजिक र आर्थिक क्षेत्रमा निरन्तर देखिएको विकृति र विसंगतिले गर्दा नै सिंगो प्राकृतिक वातावरण माथि नकारात्मक प्रभाव पार्दैछ । वातावरणीय असन्तुलन तथा जनसंख्या वृद्धिले हिमाली क्षेत्र र नेपालको आन्तरिक भू-भागमा समेत गम्भीर असर पार्दै गरेको तर्फ तत्कालै ध्यान पुऱ्याउनु जरुरी छ ।

वास्तवमा एकातिर वन विनाश र प्राकृतिक असन्तुलन छ, जसका कारण डरलाग्दो भू-क्षय र मरुभूमिकरणले निरन्तर स्थान ओगट्दै छ । अर्कोतिर अव्यवस्थित शहरीकरण र देशको भौगोलिक वातावरणसँग मेल नखाने अनुपयुक्त प्रविधिको आयात र प्रयोगको कारण वायु र ध्वनी प्रदूषण पनि अत्यधिक मात्रामा बढिनै रहेछ । तर यसो भन्दैमा पनि औद्योगिक विकासको गतिलाई मन्द बनाउन पनि नसकिने वाध्यात्मक परिस्थिति आफ्नै ठाउँमा छ ।

यसका अतिरिक्त, थोरै जमिनबाट धेरै उत्पादन गर्ने प्रविधि हाम्रो जस्तो देशको लागि नितान्त आवश्यक छ । तर यस क्षेत्रमा संलग्न नीति निर्माताहरुको उदासीनताले पराकाष्ठा नै नाघेको अनुभव हुन्छ भने तिनीहरुमा अज्ञानताले पनि उत्तिकै जरो गाडेकोलाई स्वीकार गर्नै पर्ने हुन्छ । वातावरण संरक्षणका लागि केवल राष्ट्रिय प्रयासहरुले मात्रै पनि पुग्दो रहेनछ । तर के गर्नु ? वातावरण संरक्षणका लागि भएका अन्तर्राष्ट्रिय स्तरका प्रयास र प्रतिबद्धताहरुलाई नै सम्पन्न राष्ट्र र सरोकारवाला संस्थाहरुले इमान्दारीपूर्वक पालना गरिदिएका भए आज यसप्रकारको वातावरण विनाश नेपाल लगायत समस्त विश्वले देख्न र भोग्न पर्ने थिएन । उदाहरणको रुपमा आज हाम्रै नेपालको विश्व प्रसिद्ध हिमालयको काखैमा सयौं टन फोहर थुप्रिएर रहेको छ । महँगो हेलिकोप्टरको भाडा तिरेर हिमालमा थुप्रिएको फोहर उठाउँदैमा क्षणि लोकप्रियता त आर्जन गर्न सकिएला । तर यो दीर्घकालीन समाधान भने हुँदै होइन । यसका अतिरिक्त हिमाली भेगमा पाइने दुर्लभ रुखविरुवा र वन्यजन्तुहरुको संरक्षण एवं सम्बर्द्धन गर्ने कुनै दरिलो उपायहरु पनि अवलम्बन गरिएको पटक्कै पाइँदैन । जैवक विविधताको उचित संरक्षण र हेरचाह गर्ने गर्नाले पनि पर्यटकहरुको आगमनमा वृद्धि गर्न मनग्गे सहयोग पुग्दछ ।

नेपालको पर्यटन क्षेत्रको विकासका लागि वातावरणबारे अन्तर्राष्ट्रिय क्षेत्रहरुमा भइरहेका क्रियाकलाप, सम्मेलन, गोष्ठीहरुमा भए गरिएका छलफल र निष्कर्षहरुलाई पनि ध्यान दिनु जरुरी छ । सन् १९९२ मा भएको पृथ्वी शिखर सम्मेलनमा पारित गरिएका एजेण्डा २१, मौसमको परिवर्तन तथा जैविक विविधता सम्बन्धी महासन्धिहरुको कार्यान्वयनमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रविधिका महत्वपूर्ण पक्षहरुलाई नेपाल जस्तो मुलुकले राम्ररी केलाउनु आवश्यक छ । किनभने सन् १९७० मा अमेरिकाको राष्ट्रिय वातावरणीय कानुनमा समावेश भई प्रारम्भ भएको वातावरणको प्रभाव मूल्याङ्कन प्रविधिलाई नै अहिले संसारका धेरै जसो देशहरुले दिगो विकासको पूर्वाधारको रुपमा स्वीकार गर्दै आएका छन् । नेपालले पनि आफ्नो ध्यान त्यसतर्फ गम्भीर रुपले केन्द्रित गर्नु पर्दछ ।

नेपालको तराईदेखि हिमालयसम्म जैविक विविधता (Bio-Diversity) प्रचुर मात्रामा फैलिएको छ । यसैभित्र असंख्य प्रजातिका जीव र अनगिन्ति प्रकारका वनस्पतिहरु रहेका छन् । साना ठूला जलाधार क्षेत्रहरु पनि थुप्रै छन् । यी सबैलाई संयुक्त रुपमा समेटेर अघि बढ्न सकेको खण्डमा मात्रै पर्यटकहरुको आकर्षणमा वृद्धि हुन सक्दछ । प्राकृतिक वातावरणलाई सन्तुलनमा राख्ने महत्वपूर्ण तत्वहरु नै हावा, पानी, माटो, ध्वनी र दृश्य नै प्रमुख हुन् । यी तत्वहरुमा व्यापक रुपले वृद्धि भएको प्रदूषणका कारण ठूलो असर पर्दैछ । तसर्थ नेपालको विग्रँदो प्राकृतिक वातावरण र जैविक विविधता संरक्षणमा नयाँ नीति र कार्ययोजनाको छिट्टै विकास गरिनु नितान्त आवश्यक भइसकेको छ ।

हुन त वातावरण सम्बन्धी रियो सम्मेलन तथा जनसंख्या सम्बन्धी कायरो सम्मेलनद्वारा निर्दिष्ट व्यवस्था अनुरुप नेपालमा पनि वातावरण संरक्षण नियमावली २०५४ अनुसार २० वर्षे कार्य योजना बनाउने लक्ष्य राखिएको छ । यस अनुसार काठमाडौं उपत्यकाको वातावरणीय पक्षलाई समग्रतामा हेरेर समस्या समाधान गरिने लगायत मुलुकको सामाजिक, आर्थिक विकास प्रक्रियामा वातावरणीय पक्षलाई एकीकृत गरी दिगो विकास गर्ने भनिएको छ । सो नियमावलीमा धेरै अन्य कुराहरु पनि समाविष्ट गरिएको भएता पनि हरेक पल्ट कार्यान्वयन पक्षको कमजोरी नै समस्याको मूलस्रोतको रुपमा देखिएको छ ।

हिजोआज हिमालय क्षेत्र पनि प्रदूषणबाट अक्रान्त बन थालेको रिपोर्टहरु सार्वजनिक हुँदैछन् । टाढाबाट हेर्दा हिउँले चम्केका हिमालहरु जति स्वच्छ र निर्मल देखिने गर्थे आज वायु प्रदूषणकै कारण त्यसमा धमिलोपन देखिन थालेको महसूस सबैले गर्दैछन् । एकातिर वायुमण्डलमा बढ्दै गएको गर्मीको कारणले समुद्रको सतह बढ्ने क्रम जारी छ भने ओजोन तहमा प्रतिकूल प्रभाव पार्ने क्लोरो फ्लुरो कार्वन ग्यासको नियन्त्रणतर्फ प्रकट गरिसकिएको वचनबद्धतातर्फ पनि विकसित राष्ट्रहरु आफैंले ध्यान केन्द्रित गरिरहेका छैनन् । वातावरण संरक्षणका निम्ति गरीब तथा विकासोन्मुख राष्ट्रहरुलाई प्रविधि हस्तान्तरण गर्ने र सोका लागि आर्थिक सहयोग पनि उपलब्ध गराउने भनी दिइसकिएको वचन पनि सम्पन्न औद्योगिक राष्ट्रहरुबाट पूरा भइरहेको छैन । पर्यटन विकासको प्रचुर सम्भावना भएको नेपाल जस्तो मुलुक समेत यस्ता अवसरबाट वञ्चित भइरहेको छ भने माल्दिभ्स जस्ता राष्ट्रहरुको अस्तित्व नै संकटमा परेको छ ।

वास्तवमा हिमाली क्षेत्रलाई पनि विग्रँदो वातावरणले ठूलो असर पार्दै लगेको छ । महत्वपूर्ण पर्यटकीय आकर्षणको केन्द्रविन्दुमा रहेको हिमाली क्षेत्र समग्रमा ३४ लाख वर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । करीब २० करोड जनतालाई यस क्षेत्रले बासस्थान समेत उपलब्ध गराउँदै आएको छ । हिमाली क्षेत्रका करीब आधाभन्दा बढी जनसंख्या निरपेक्ष गरीबीको रेखामुनी जीवन यापन गर्न बाध्य छन् । नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने जनताले पनि अत्यधिक मात्रा गरीबीको सामना गर्नु पर्दैछ । हिमाली क्षेत्रका जनताको गरीबीलाई निमिट्यान्नै पार्न पर्यटनको विकासलाई तीव्रगति प्रदान गर्नुपर्ने टडकारो आवश्यकता छ । नेपालको हिमाली क्षेत्रमा पनि तीव्र जनसंख्या वृद्धि भइनै

रहेको छ। विभिन्न खनिज अन्वेषणहरु पनि गरिदैछ। विकास निर्माणका क्रियाकलापले गर्दा वातावरणमा ठूलो असर परेको छ। अवैज्ञानिक कृषि प्रणाली थप समस्या भएकोछ। वनफडानी र अतिचरणका कारण डाँडाकाँडा नाङ्गो देखिन थालेका छन्। पर्यटकहरुलाई आकर्षित गर्ने नाममा अनियन्त्रित एवं अव्यवस्थित आगमन ठूलो समस्याको विषय बन्दैछ। यी महत्वपूर्ण कुराहरु तर्फ ध्यान केन्द्रित नहुने हो भने पर्यटन क्षेत्रको विकास केवल कोरा कल्पना मात्रै परिणत हुनेछ।

वास्तवमा देशको नीति, नियम र विकास कार्यक्रमहरुले नै पर्यटनको विकासको क्षेत्रमा नयाँ आयाम थप्ने गर्दछ। तर यस्ता कामकुराहरु दीर्घकालीन रुपमा असर पर्ने र फाइदामूलक हुनै पर्दछ। आज एउटा नियम बनाएर भोलिनै सोही नियमलई काट्दै पर्सी अर्को नियम कानुन बनाउँदै हिंड्नाले पर्यटन क्षेत्रको विकासमा पटक्कै सघाउ पुग्दैन। उदाहरणको रुपमा आर्थिक वर्ष २०५६।५७ को बजेटमा पदयात्राका लागि विश्वका चर्चित स्थानहरु सगरमाथा, अन्नपूर्ण र लाङटाङ क्षेत्रहरुमा पदयात्रा अनुमतिपत्र लिनुपर्ने व्यवस्थालाई पूर्णतया खारेज गरिएको छ। यसबाट अनुत्पादक प्रकारका पर्यटकहरुलाई फाइदा पुगेको छ। तर मुलुक र यस व्यवसायमा लागेका पदयात्रा व्यवसायीहरुलाई भने नराम्रो असर पुग्याएको देखिन्छ। वास्तवमा यतिखेर त्यस्ता क्षेत्रहरुमा पर्यटकहरुको भीड बढेको छ। प्रायः संसारभरि नै पर्यटकहरुलाई यसरी निःशुल्क घुमाउने प्रचलन छैन। बरु पर्यटकहरुलाई आवश्यक सुविधा दिँदै शुल्क किन नउठाउने ? निकुञ्जहरुको रेखदेखका लागि संरक्षण शुल्क लिने गरिए तापनि त्यो अपर्याप्त छ। सन् १९९८ मा मात्रै पनि सगरमाथा, अन्नपूर्ण र लाङटाङ जस्ता चर्चित पदयात्रा क्षेत्रहरुमा एजेन्सीहरु मार्फत पदयात्रा गरे वापत करीब रु. ८ करोड २० लाख ८ सय ७५ रुपियाँ र व्यक्तिगत पदयात्राबाट करीब रु. १७ लाख पदयात्रा शुल्क संकलन भएको थियो। अहिले अधिकांश पर्यटन व्यवसायीहरुले निःशुल्क पदयात्रा गर्न पाउने व्यवस्थाको तीव्र विरोध गरिरहेका छन्। किनभने पर्यटकहरु अनुमति बिना पदयात्रामा जाने भएकाले देशका ४ सयभन्दा बढी ट्रेकिङ एजेन्सीहरुले गर्दै आएको व्यवसाय र दिँदै आएको रोजगारी नासिएको छ। यतिखेर कम खर्चालु प्रकारका पर्यटकहरु आएर विकृति र विसंगतिहरु बढेको तर्फ सर्वत्र चिन्ता बढेको छ। कुरा यतिमात्रै नभएर त्यसरी पदयात्रामा जथाभावी जानेहरुको बसाइँ अवधि कम हुने त छँदैछ भने शान्ति सुरक्षाको प्रश्न पनि अहम् बनेको छ। वातावरण पनि प्रदूषित बन्दैछ। धार्मिक तथा सांस्कृतिक सम्पदामा समेत असर पर्न थालिसकेको छ। तर सरकारले भने प्रशासनिक झञ्झटलाई सरलीकरण गरेको बताइरहेछ।



रक क्लाइम्बिङ प्रशिक्षणमा सरिक आरोहीहरु

यस अतिरिक्त पर्यटन क्षेत्रको विकासबाट नै पनि नेपालले आर्थिक क्षेत्रमा ठूलो फड्को मार्न सक्ने कुरा घाम झैं छर्लङ्ग नै छ। अर्बौं डलर सजिलै आर्जन गर्न सकिने यो क्षेत्रको विकासका लागि सरकार नै गम्भीर बन्नु नितान्त आवश्यक छ। सबैभन्दा ठूलो कुरा त सरकारले सम्बन्धित विशेषज्ञ र पर्यटन व्यवसायीहरुसँगै आवश्यक सर-सल्लाह र सुझाव लिएर त्यसलाई तत्कालै कार्यान्वयन गर्ने सोचाई राख्नु पर्दछ। पर्यटन व्यवसायीहरुलाई माइनस गरेर यस क्षेत्रको सुधारको कल्पना पनि गर्न सकिँदैन।

तसर्थ विद्यमान विग्रँदो वातावरणीय अवस्थामा व्यापक परिवर्तन ल्याउन सक्ने किसिमका विकास कार्यहरुको तर्जुमा गरिनुपर्दछ। साथै भौतिक क्रियाकलाप अथवा भू-उपयोगको परिवर्तन गर्ने योजनाहरु सञ्चालन गर्ने सम्बन्धमा कैयन प्रस्तावहरु कागजमा तयार पारेर राखिएका छन्। त्यस्ता प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा मूल्याङ्कन गर्दै कार्यान्यनमा पनि त्यत्तिकै र तत्कालै जोड दिनु आवश्यक छ। मापदण्ड विपरीत कुनै व्यक्ति, संस्था वा उद्योगले प्रदूषण तथा फोहरमैला निष्काशन गरेमा सो कार्यबाट प्रभावित व्यक्ति वा संस्थाले सम्बन्धित निकायमा उजुरी दिने वित्तिकै तत्कालै सो बारे छानवीन गरेर पीडित पक्षलाई न्याय दिलाउने व्यवस्था गरिएमा यस्ता नकारात्मक क्रियाकलापबाट मुलुकलाई सजिलै जोगाउन सकिन्छ। फोहरमैला र प्रदूषण गर्ने जो जिम्मेवार छ उसले दण्ड पाउने व्यवस्था गरिनुपर्दछ। यो प्रकारको दण्ड सजाय पट्यारलाग्दो गरी लामो समयसम्म मुद्दा लडेर दिलाउने होइन कि तत्कालै निर्णय हुने व्यवस्था गरिनु जरुरी छ। नत्र भने काग कराउँदै गर्छ पिना सुक्दै गर्छ भन्ने उखान चरितार्थ हुनेछ। देशमा स्थापित सम्पूर्ण उद्योगधन्धा, होटल व्यवसायी, नर्सिङ होमहरु लगायत हिमाली र पर्यटकीय क्षेत्रमा देखापरेका प्रदूषणका कारक तत्वहरुको छानवीन गरेर तत्कालै समस्या समाधानको खोजी गरिनु पर्दछ। नयाँ उद्योग धन्धाहरुलाई प्रदूषण नियन्त्रणको प्रमाणपत्र लिनै पर्ने व्यवस्था गर्नपर्छ। पुरना उद्योगधन्धाहरुलाई पनि समयावधि तोकेर त्यस्तो प्रमाणपत्र लिनै पर्ने बाध्यतात्मक अवस्थाको सिर्जना गरिनै पर्दछ। राष्ट्रिय सम्पदा र वातावरणीय क्षेत्रको संरक्षण आजको पहिलो आवश्यकता हो। त्यस्तै प्रदूषण जाँच गर्न अत्याधुनिक प्रयोगशालाको स्थापना गरिनुपर्दछ। वातावरण संरक्षण कोषको स्थापना र सञ्चालनमा पनि तुरुन्तै ध्यान दिनु पर्ने अवस्था छ। राम्रो गर्नेलाई पुरस्कार, प्रशंसापत्र, क्षतिपूर्ति लगायत निरन्तर अनुगमन र मूल्याङ्कनको लागि आवश्यक दक्ष कर्मचारीहरुको व्यवस्था गरिनु पनि त्यत्तिकै आवश्यक छ। विगतमा यसै विषयमा कैयन गोष्ठी भए। त्यसको निष्कर्षहरु कार्यान्वयन गरिनुपर्दछ। तब मात्रै हाम्रो मुलुकलाई पर्यटकहरुको आकर्षणको केन्द्रविन्दुमा परिणत गर्न सकिनेछ।

पर्यटनको विकास विना राष्ट्रको समग्र विकास सम्भव छैन

पर्यटन तथा नागरिक उड्डयन मन्त्री विजयकुमार गच्छदार सँगको अन्तर्वार्ता



हालै भारतीय विमान अपहरणपछि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्थालाई अझ बलियो पार्ने प्रतिबद्धता सरकारले जाहेर गरिसकेको छ, सुरक्षा सम्बन्धमा के के कामहरु भएका छन् ?

❐ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षाको कुरा गर्दा हामीले पहिलेदेखि नै इकावाको अर्थात अन्तराष्ट्रिय स्तरको सुरक्षा मापदण्डलाई अबलम्बन गरी तदनुरुप सुरक्षा व्यवस्थालाई कडा गरेका थियौं । कुनै पनि मुलुकमा हवाई सुरक्षाको दृष्टिले अन्तर्राष्ट्रिय मापदण्ड पालना गर्नुपर्ने वाध्यता रहेको हुन्छ, त्यसकारण सुरक्षासम्बन्धी जुन मापदण्ड छन्, त्यसलाई पूर्ण कडाइका साथ पालना गरिएको थियो । तथापि हाम्रो विमानस्थलबाट उडेको भारतीय विमान अपहरण भयो, यो आफैंमा एउटा दुःखद घटना हो । विमानस्थलमा सुरक्षाको मापदण्ड अत्यन्त कडा गरिएका जापान, इजरायल लगायतका विकसित मुलुकहरुबाट पनि विमान अपहरण भएका घटनाहरु भएका छन् । हिन्दूस्तानबाटै पनि कैयौंपटक विमानहरु अपहरण नभएका होइनन् । मूल कुरा जिम्मेवार निकाय सुरक्षाको मामिलामा संवेदनशील छ छैन भन्ने हो । श्री ५ को सरकार त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा सुरक्षा व्यवस्थालाई दुरुस्त राख्नका लागि पहिलेदेखि गम्भीर र संवेदनशील रहँदैआएको छ र भविष्यमा पनि त्यस्तो संवेदनशीलतामा कुनै कमी आउन दिने छैन । विमानस्थलमा सुरक्षासंग सम्बद्ध निकायका पदाधिकारीहरुले धेरै पटक बैठक पनि गरिसकेका छन् । अपहरणजस्ता घटनाका कुनै पनि सम्भावना नरहोस् भन्नका लागि अवदेखि यात्रुले एकपल्ट सुरक्षा जाँच गराई बोर्डिङ पास लिइसकेपछि फेरि जहाजभित्र प्रवेश गर्नुअघि उनीहरुको जाँच (स्क्यानिङ) गर्ने व्यवस्था गरिएको छ । यसअघि त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा प्रवेशका लागि जुन व्यवस्था गरिएको थियो, त्यसलाई अझ बैज्ञानिक गर्नका लागि विमानस्थललाई निश्चित क्षेत्रमा वर्गीकरण गरेर निश्चित क्षेत्रका लागि निश्चित खालको व्यवस्था गरिनुका साथै विशिष्ट व्यक्तिका नाममा जारी गरिने पास संख्यामा पनि कटौती गरिएको छ । त्यसैगरी थप संख्यामा प्रहरी अधिकारीहरुको व्यवस्था गरिएको छ । अपहरणजस्ता घटनाको कुनै पनि सम्भावना नरहन दिनका लागि हामी सतर्क छौं ।

विमान अपहरणले नेपाल भारत सम्बन्धमा प्रभाव पर्ने खालका टिप्पणीहरु समाचार खासगरी भारतीय समाचार माध्यमहरुमा देखियो, यसबाट हाम्रो द्विपक्षीय सम्बन्धमा कुनै नकारात्मक असर त पर्दैन ?

❐ भारतीय सञ्चार माध्यम खासगरी जी टिभीले विमान अपहरणमा नेपालीको संलग्नता रहेको कुरालाई वारम्बार विना कुनै आधार दुस्प्रचार गर्‌यो, असत्य कुरालाई समाचार बनायो, त्यसप्रति हामी दुःखी छौं । तर एउटा जी टिभी र स्वतन्त्र समाचार माध्यमको दुस्प्रचारले नेपाल र हिन्दूस्तानबीच शदियौंदेखि कायम सुमधुर सम्बन्धलाई विगार्न सक्दैन भन्ने कुरामा म विश्वस्त छु ।

विमान अपहरणले नेपालको पर्यटन क्षेत्रमा नकारात्मक प्रभाव पनि पारेको छ ?

❐ विमान अपहरणपछि तत्कालका लागि इन्डियन एयरलाइन्सले काठमाडौंका लागि उडानहरु निलम्बित गरेको छ । तर अन्य विदेशी विमानहरु पूर्ववत् रुपमा काठमाडौंको उडानमा आइ नै रहेका छन् । इन्डियन एयरलाइन्सको उडान निलम्बित भएका कारण हवाइ मार्गबाट नेपाल आउने पर्यटकहरुको संख्यामा तत्काल कमी आए पनि समग्रमा नेपाल आउने पर्यटकहरुको संख्यामा ह्रास आएको छैन । अन्य देशहरुबाट आउने पर्यटकहरुकको संख्यामा कमी आएको छैन । इन्डियन एयरलाइन्सको उडानहरु निलम्बित भएका कारणले भारतीय पर्यटकको आगमनमा पर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी हामीले भारतमा शाही नेपाल वायु सेवा निगमका थप उडानहरु गरिरहेका छौं । यसले गर्दा भारतीय विमानको उडान निलम्बनबाट पर्न सक्ने असरलाई समाप्त गर्न सकिने कुरामा म विश्वस्त छु ।

विश्वमै एउटा आकर्षक पर्यटकीय गन्तव्यस्थल मानिने नेपालको आर्थिक विकासको लक्ष्य हासिल गर्न पर्यटन क्षेत्रको विकास अभियानलाई कसरी अगाडि बढाइरहनुभएको छ ?

❐ नेपालको आर्थिक विकासमा ठूलो टेवा पुर्‌याउन सक्ने कृषि, जलस्रोत तथा पर्यटन यी तीन क्षेत्र प्रमुख हुन् । जलस्रोतको कुरा गर्दा यस क्षेत्रमा लगानी जुटाउन खरवौं रुपियाँ खोज्नुपर्ने र त्यसको प्रतिफल लामो समयपछिमात्र राष्ट्रले पाउने देखिन्छ । जहाँसम्म कृषि क्षेत्रको कुरा छ, यसले जनतालाई हात मुख जोर्नका लागि मद्दत पुर्‌याए पनि मुलुकलाई छोटो समयमा आर्थिक समृद्धितर्फ लैजानका लागि कृषि क्षेत्र त्यति भरपर्दो र सम्भावित देखिइसकेको छैन । तर पर्यटन क्षेत्रको कुरा गर्दा यो एउटा यस्तो क्षेत्र हो, जसलाई आफ्नै मुलुकको थोरै लगानीमा धेरै फाइदा हासिल गर्न सकिन्छ । पर्यटन नै यस्तो क्षेत्र हो जसको विकासको लागि हामीले विदेशी बजारमा भर पर्नुपर्दैन । हामी हाम्रै लगानीमा भर परेर यो क्षेत्रको विकास गर्न सक्छौं । पर्यटनको बजारको कुनै सीमा छैन । हामीले हाम्रा गन्तव्यलाई बेचेर असीमित संख्यामा पर्यटकहरु हाम्रो देशमा भित्र्‌याएर मुलुकको विकास गर्न सक्छौं । र दुई करोड जनसंख्या भएको हाम्रो मुलुकमा आगामी ३०-३५ वर्षमा एक करोड पर्यटक भित्र्‌याउन सक्यौं भने पर्यटनलाई विकासको मेरुदण्डको रुपमा अपनाएर आर्थिक प्रगति गरेका मुलुकहरुको दाँजोमा जानसक्छौं । सिंगापुर, कोरिया, मलेशिया तथा दक्षिण एशियाको मल्दिभ्सले पर्यटन क्षेत्रको विकास गरेरै मुलुकको समग्र विकास गर्न सफल भएका हुन् । हामी पनि यो यथार्थलाई बुझेर काम गरिरहेका छौं । तर हाम्रा सामु केही चुनौतीहरु पनि छन् । अर्थात हामीले हाम्रो मुलुकमा बढीभन्दा बढी पर्यटक ल्याउनका लागि शाही नेपाल वायु सेवालाई सक्षम र सुदृढ गर्नुपर्ने आवश्यकता तथा अर्को अन्तराष्ट्रिय विमान स्थलको निर्माण गर्न आवश्यक छ । अब त्रिभुवन विमानस्थलले मात्र पर्यटकहरुको बढ्दो आगमनलाई धान्न सक्दैन । त्यसकारण हामी अर्को अन्तराष्ट्रिय विमानस्थलको खोजी र निर्माणसम्बन्धी व्यवस्थाका लागि जोडतोडका साथ लागेका छौं । यसका साथै नागरिक उड्डयन क्षेत्रलाई अझ व्यापकता दिनका लागि हाम्रो प्रत्यक्ष हवाई सम्पर्क विभिन्न मुलुकसंग विस्तार गर्ने योजनामा लागेका छौं । श्रीलंका, कोरिया तथा अमेरिकाजस्ता मुलुकसंग प्रत्यक्ष हवाई सम्पर्क कायम गर्ने प्रयास गरिरहेका छौं । ग्रामीण पर्यटनलाई विस्तार गर्ने कुरालाई प्राथमिकताका साथ हेरिरहेका छौं भने नयाँ गन्तव्य स्थलहरुको घोषणा पनि गर्न गैरहेका छौं । नेपाललाई विश्वभरि नै एक आकर्षक पर्यटक गन्तव्य स्थलको रुपमा विकसित गर्ने उद्देश्यले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार दिलाउने कार्यक्रमको रुपमा सन् २००२ लाई डेष्टिनेशन नेपाल वर्षको रुपमा

मनाइने छ र त्यससम्बन्धी कार्यक्रमहरु चाँडै घोषणा पनि हुनेछन् । त्यसैगरी यस वर्ष ट्रान्स हिमालयन कार्यक्रम र आगामी सन् २००१ मा स्पोर्टस् हिमालयन कार्यक्रम पनि आयोजना गरिनेभएका छन् । ट्रान्स हिमालयन कार्यक्रममा ४० वटा मुलुकका आठ सय खेलाडीले ११ वटा इभेन्टमा भाग लिनेछन् । त्यो कार्यक्रमलाई १७ वटा अन्तराष्ट्रिय टेलिभीजनले प्रसारण गर्ने भएकोछ । त्यसअतिरिक्त उक्त कार्यक्रम नेपालबाट १७७ घन्टा प्रत्यक्ष प्रसारण पनि हुनेभएको छ । श्री ५ को सरकार यस्ता धेरै कार्यक्रमहरु आयोजना गरी नेपालको पर्यटन क्षेत्रको विकास गर्न प्रतिबद्ध छ । अर्कोतिर हामी शान्तिपूर्ण र प्राकृतिक सौन्दर्यले भरिएको मुलुक भएकाले पनि यस क्षेत्रमा नै सभा वा सेमिनारका लागि एक आकर्षक स्थलको रुपमा आफूलाई प्रस्तुत गरी अन्तराष्ट्रिय सभा वा सेमिनार नेपालमा आयोजना गर्नका लागि अन्तराष्ट्रिय क्षेत्रलाई प्रोत्साहित गरेका छौं ।

नेपालमा पर्यटकहरुको संख्या सन्तोषजनक पाइरहनु भएको छ ?

❑ विश्वमा पर्यटकहरुको औषत वृद्धि दर हेर्दा ४ प्रतिशतभन्दा केही बढी र पाँच प्रतिशतभन्दा केही कम रहेको छ । हाम्रो मुलुकमा आएका पर्यटकहरुको संख्या हेर्दा सन् १९९८ मा यो संख्या ५.८ प्रतिशतले वृद्धि भएको देखिन्छ । यो औषत वृद्धि दरबाट म पूर्ण सन्तुष्ट नभए पनि सन्तोषजनक अवस्था भने रहेको छ । यद्यपि हाम्रो प्रयास भने नेपाल आउने पर्यटकहरुको संख्यामा अझ ठूलो वृद्धि गराउनेतिर केन्द्रित छ ।

व्यवस्थापकीय कमजोरी तथा आर्थिक अनियमितताका कारण बारम्बार चर्चामा आउनेगरेको शाही नेपाल वायु सेवा निगममा सुधार ल्याउन सरकारले के कस्ता प्रयास गरिरहेको छ ?

❑ चालिस वर्षको इतिहासमा शानेवानिले धेरै उतार चढाव भोगेर पनि नेपालको पर्यटन क्षेत्रमा निगमको खास योगदान रहँदैआएको छ । विगतमा निगमभित्र कमिशन र भ्रष्टाचारका धेरै सवालहरु आए, मैले पर्यटन मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि त्यस्ता कुराहरुलाई निरुत्साहित गरेर निगमलाई सुदृढ र सक्षम विमान सेवाको रुपमा विकास गर्न पूरा ध्यान दिएको छु । राष्ट्रको चिनारीसंग जोडिएको यसको ध्वजालाई उचा राख्नका लागि निगमका कमजोरी हटाउन तथा व्यवस्थापकीय संरचनामा आवश्यकता अनुसार परिवर्तन तथा परिमार्जन ल्याउनका लागि हामीले गम्भीर प्रयास गरेका छौं । यही प्रयासको फलस्वरुप निगमभित्र भ्रष्टाचारको दाउमा रहनेगरेका तत्वहरु अहिले निरुत्साहित भएका छन् । सबभन्दा महत्वपूर्ण कुरा निगम सक्षम र यसका सेवाहरु समयमै संचालन हुनुपर्‌यो । जहाँसम्म उडान समयमै हुनुपर्ने प्रसंग छ, त्यो भएको पनि छ । अहिले आन्तरिक उडान धेरै हदसम्म व्यवस्थित भएको छ । नेपालमा बढ्दो संख्यामा पर्यटकहरु भित्र्याउनका लागि शानेवानिका अन्तराष्ट्रिय उडानहरु विस्तार गर्न जरुरी छ । जसका लागि निगमलाई वाइड बडीका जहाजहरु आवश्यक पर्छ । निगमले आफूसामु रहेको यही चुनौतीलाई सामना गर्नका लागि वाइड तथा मध्यम स्तरीय (मिडल रेन्ज) जहाजहरु किन्ने साहसिक निर्णय गरेको छ । सम्पूर्ण प्रक्रियाहरु पूरा गरेर निगमलाई आवश्यक जहाजहरु किनिने छ । जहाँसम्म निगमलाई सक्षम संस्थाको रुपमा विकास गर्ने प्रसंग छ, श्री ५ को सरकारले यसलाई तीन चरणमा सुदृढ गर्ने योजना अन्तर्गत काम गरिरहेको छ । पहिलो चरणमा निगमको व्यवस्थापकीय संरचनासम्बन्धी सुधार, दोस्रो चरणमा उपकरणसम्बन्धी सुधारको प्रक्रिया रहेका छन् । यसरी निगम आत्मनिर्भर भैसकेपछि तेस्रो चरणमा निगमलाई अन्य सक्षम अन्तराष्ट्रिय विमानसेवासंग संयुक्त लगानीमा संचालन गरिने हाम्रो सरकारको सोचाइ छ । तर त्यो काम निगमको राष्ट्रिय ध्वजामुनि नै हुने छ । अर्थात निगमले फहराउँदैआएको राष्ट्रिय ध्वजालाई कायम नै राखिने छ । (साभार : गोरखापत्र)

ट्रान्स हिमालय २०००

नेपालको पर्यटनलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवर्द्धन गर्न "ट्रान्स हिमालय २०००" ले यहाँ आयोजना गरिने भएको छ । पर्यटन तथा नागरिक उड्डयनमन्त्री विजयकुमार गच्छदारले सो विषयमा कार्तिक ११ मा आयोजित पत्रकार सम्मेलनमा २१ सौं शताब्दीमा पर्यटन क्षेत्रको विकासका लागि सो प्रतियोगिता ऐतिहासिक घटना हुने बताउनु भयो । फ्रान्सको रेड गुलवाज संगठनद्वारा आयोजना गरिने सो समारोहमा चीनको स्वशासित क्षेत्र तिब्बतदेखि नेपालसम्म ट्रेकिङ्ग, हाइकिङ्ग, माउण्टेन बाईकिङ्ग, रक क्लाइम्बिङ्ग र ह्वाइट वाटर प्रतियोगिताहरू गरिने छ । चालीस राष्ट्रका ५० वटा टोलीका ३५० खेलाडीले भाग लिने सो प्रतियोगितामा ६०० देखि ७०० कि.मि. सम्मको दूरी १० दिनसम्ममा तय गर्नेछन् । नेपालका लागि फ्रान्सका राजदूत मिशेल लुमोले सो प्रतियोगिताबाट नेपालले आफ्नो प्राकृतिक सौन्दर्यको पूर्णरूपमा अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान गराई पर्यटन प्रबर्द्धन गर्ने अवसर पाउने धारणा व्यक्त गर्नुभयो ।

पर्यटन तथा नागरिक उड्डयन सहायकमन्त्री नारायणसिंह पुनले सरकार पर्यटन प्रबर्द्धनका लागि निजी क्षेत्रसँग समन्वय गरी कार्य गर्न तम्सिएको बताउनुभयो । समारोहमा आयोजक संस्थाका अध्यक्ष पेट्रिक ब्रिग्नोली, निर्देशक एलेन गइमार्डले नेपालको भौगोलिक अवस्था यस खेलका लागि उपयुक्त रहेको यस यसबाट साहसिक पर्यटन क्षेत्रमा नेपालको सम्भाव्यतालाई विश्वसामु प्रस्तुत गर्ने धारणा व्यक्त गर्नुभयो ।

पाटनमा पर्यटक प्रवेश शुल्क

ललितपुर उपमहानगरपालिकाले उपमहानगरपालिका भित्रका सात महत्वपूर्ण ऐतिहासिक ठाउँहरूमा १ जनवरी २००० देखि लागू हुने गरी जनही रु. दुईसयका दरले पाटन पर्यटक प्रवेश शुल्क शुरु गरेको छ । ती स्थानहरूमा केशवनारायण चोक, मूलचोक, सुन्दरीचोक, रुद्रवर्ण महाविहार, कुम्भेश्वर मन्दिर, महाबौद्ध र अक्षेश्वर महाविहार छन् । शुल्क लगाउन थालिए फलतः पर्यटकहरूलाई सूचना केन्द्र स्थापना गरी ती स्थानहरूमा मार्ग निर्देशन, नक्शा, आकर्षक पोष्ट कार्ड, गुणस्तरीय पथ प्रदर्शक, वृद्ध तथा असक्त पर्यटकको लागि रिक्सा सुविधा, योग्य शौचालयजस्ता सुविधा प्रदान गरिने छ । हाल पाटनमा वार्षिक तीनलाख पर्यटकले घुम्ने अनुमान गरिएको छ ।


बाबु छिरी शेर्पा अभिनन्दित

नेपाल पर्वतारोहण संघद्वारा पुस २३ गते विख्यात पर्वतारोही बाबुछिरी शेर्पालाई अभिनन्दन गर्न आयोजित कार्यक्रममा पर्यटन तथा नागरिक उड्डयनमन्त्री विजयकुमार गच्छदारले विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणमा नेपाली युवाहरूको वीरता र साहसको विश्वव्यापी कदर हुनुपर्छ भन्नुभयो ।

नवौं पटक सगरमाथा आरोहण गरिसकेका बाबुछिरी शेर्पाले २१ घण्टा सगरमाथाको चुचुरोमा बिताई कायम गरेको नयाँ कीर्तिमानको सम्मानमा नेपाल पर्वतारोहण संघले श्री शेर्पाको अभिनन्दन गर्न सो कार्यक्रम आयोजना गरेको हो । संघले प्रदान गरेको एकलाख २१ हजार १२१ रुपियाँ पनि मन्त्री गच्छदारले कदरपत्रका साथ श्री शेर्पालाई हस्तान्तरण गर्नुभयो । त्यस अवरमा बाबु छिरी शेर्पाले नेपालीहरूको सहयोग, समर्थन र प्रेरणाले मुलुकको इज्जत र गौरवको निम्ति आफूले सगरमाथा आरोहणको दुई बेग्लाबेग्लै कीर्तिमान कायम गरेको बताउँदै आफू अरू कीर्तिमानका निम्ति अवसरहरूको पर्खाइमा रहेको बताउनुभयो ।

गत वैशाखमा नवौं पटकको आरोहणमा २१ घण्टा सर्वोच्च शिखर सगरमाथाको चुचुरामा बिताएका श्री शेर्पाले पाँच वर्ष अघि उत्तर (तिब्बती) मोहडाबाट १४ दिनमा दुई पटक सगरमाथा आरोहण गरी नयाँ कीर्तिमान कायम गरेका थिए ।

कार्यक्रममा संघका प्रथम उपाध्यक्ष आङछिरिङ शेर्पाले नेपाली युवाहरूले सर्वोच्च शिखर सगरमाथाको आरोहणमा नयाँ-नयाँ विश्वकीर्तिमान बनाई धन, यश र कीर्तिका साथै मुलुकलाई विश्व पर्यटनमा चिनाइरहेको चर्चा गर्नुभयो । संघका द्वितीय उपाध्यक्ष विक्रम पाण्डेले साहसी आरोहीहरूलाई सम्मान गर्न पाएकोमा संघ गौरवान्वित भएको छ भन्नुभयो ।



हिमालय आचार संहिता

हिमालयको वातावरणीय स्वच्छता नेपालीहरुको मात्र होइन विश्वभरिकै प्रकृतिप्रेमी तथा पर्वतारोहीहरुको सरोकारको विषय बन्न पुगेको छ जापानमा नोभेम्बर १९९१ मा सम्पन्न पर्वतीय वातावरण संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय भेलाद्वारपारित "हिमालय आचार संहिता" ले त्यही अन्तर्राष्ट्रिय चासो र प्रबिद्धतालाई प्रतिविम्बित गर्दछ। त्यो 'संहिता' को पूर्ण विवरण :

- ☐ क्याम्पिङ्ग गर्ने ठाउँ सफा राख्नोस्। तपाईंले क्याम्पिङ्ग गरेको ठाउँ छाडेर गएपछि अरुले पनि प्रयोग गर्नेछन् भन्ने कुरा नबिर्सिनोस्। त्यसैले त्यस ठाउँलाई पहिलोको भन्दा सफा र सुग्घर पारेर मात्र छाड्नुहोस्।

- ☐ वन विनास रोक्नोस्। खुल्ला ठाउँमा आगो बालेर ताप्ने नगर्नोस् र अरुलाई पनि त्यस्तो गर्न भरसक नदिनोस्। पानी उमाल्न दाउरा बाल्नु पर्ने ठाउँमा थोरै पानीले काम चलाउनोस्। सम्भव भएसम्म मट्टितेलको स्टोभ वा कम दाउरा चाहिने सुधारिएको स्टोभ बाल्ने, लज वा होटेलहरुमा मात्र वास बस्नोस्।

- ☐ फोहोर जलाउनोस् वा गाड्नोस्। आफै सडेर नजाने वस्तुलाई भने आफूसाथ फिर्ता लैजानोस्। अरुले बाटामा फ्याँकेका रद्दी वस्तु फेला पार्नु भएमा तिनलाई पनि टिपेर ठीक ठाउँमा पुऱ्याउनुहोस् वा तह लगाई दिनुहोस्। आफ्नो खानेकुराहरुलाई स्थायी झोला वा थैलामा अथवा सजिलैसित गलेर जाने वस्तुले बनेका प्याकेटहरुमा पोको पारेर लैजानोस्।

- ☐ खानेपानीको श्रोतलाई दूषित नपार्नोस्। खोला वा कुवामा सावुन जस्ता हानिकारक वस्तुको प्रयोग नगर्नोस्। पानीको मुहान वा पानी भएको ठाउँबाट घटीमा पनि ३० मिटर परतिर गएर मात्र शौचआदि कार्य गर्नोस् र फोहरलाई माटोले पुरिदिनोस्।


- ☐ फूल विरुवा अछुतो रहन दिनोस्। तिनको बीज वा जरा निकाल्ने अथवा कलम काटी लैजाने काम नगर्नोस्।
- ☐ तपाईंको साथमा जाने भरिया अथवा पथ-प्रदर्शकलाई पनि वातावरण जोगाउन के के गर्नुपर्छ, त्यो सिकाउनोस्। भान्से र भरियाहरुलाई छुने या चलाउने काम नगर्नोस्। मन्दिर भित्र पस्तु अघि जुत्ता अवश्य फुकाल्नोस्।

- ☐ केटाकेटीलाई खानेकुरा वा पैसा बाँडेर मागी खाने प्रवृत्तिलाई प्रोत्साहित नगर्नोस्। केही चन्दा वा दान दिनु नै छ भने कुनै पाठशाला, स्वास्थ्य केन्द्र वा उपयोगी आयोजनालाई दिनुहोस्।

- ☐ रैथाने मान मर्यादाको पालना गर्नाले तपाईंको आफ्नै इज्जत बढ्छ। त्यसैले सानो कट्टु वा अंग प्रदर्शन हुने किसिमका साऱ्है कसिला वा पातला पहिरन नलगाउनोस्। सबैले देख्ने गरी हातेमालो गरेको वा म्वाई खाएको गाउँघरमा निको मानिदैन भन्ने सम्झनोस्।

यस हिमालय आचार संहिताको प्रमुख हस्ताक्षरकारीहरुमा हुनुहुन्छ- श्री एडमण्ड हिलारी (न्यूजील्याण्ड) श्री क्रीस बोनिङटन (बेलायत) श्री सि फान चुन (चीन) श्री मोरिस हरजोग (फ्रान्स) डा. पियट्रो सेगान्तिनी (अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ) श्री एडवर्ड मिस्लोभस्की (पूर्व सोभियत संघ) श्रीमती जुन्को तावेई (जापान) श्री टेकचन्द्र पोखरेल (नेपाल) क्याप्टेन एम. एस. कोहली (भारत) तथा जनरल जेड. ए. मिर्जा (पाकिस्तान)

महिला सहस्राब्दी सगरमाथा आरोहण अभियान



सुषमा कोइराला मेमोरियल ट्रस्टले नयाँ सहस्राब्दीमा महिलाको लागि केही गर्ने दृढ इच्छा बमोजिम चारजना उत्साही शेर्पा युवतीहरूलाई सगरमाथा आरोहण गराउने साहसी अभियान प्रारम्भ गरेको छ ।

आधा शताब्दी अगाडिदेखि विश्वको सर्वोच्च शिखर सगरमाथामा स्वदेशी तथा विदेशी धेरै पुरुष तथा महिलाहरूले पाइला टेकी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कीर्तिमान राखिसकेको सन्दर्भमा नेपाली महिलाको इज्जत राख्ने साहसी महिला पासाङ ल्हामु शेर्पा सगरमाथाबाट जीवित फर्कन नसकेको दुर्भाग्यपूर्ण घटनाले इतिहासमा उनको नाम स्वर्ण अक्षरमा लेखिएको छ । हिमालयको काखमा रहेको देश नेपालमा सगरमाथाको सफल आरोहण गर्ने महिलाको अभाव निरन्तर रहिरहेको पीडादायक अवस्थामा नेपाली महिलाहरूको गौरव श्रीवृद्धि गर्न तथा उनीहरू पनि विश्वमा कोहीभन्दा कम छैनन् भन्ने कुरा प्रमाणित गर्नको लागि चार सदस्यीय नेपाली महिला "सहस्राब्दी सगरमाथा आरोहण अभियान, वसन्त २०००" प्रारम्भ गरिने छ। २६ वर्षीय लाक्पा शेर्पाको नेतृत्वमा सगरमाथा आरोहण गर्न जाने सदस्यमा २३ वर्षीया डोल्मा शेर्पा र २१ वर्षीया दावा याङ्जी शेर्पा तथा मिङ्मा याङ्जी शेर्पा रहनुभएको छ । उहाँहरू आगामी अप्रिल ७, २००० मा काठमाडौंबाट त्यसतर्फ प्रस्थान गर्ने कार्यक्रम छ ।

आम नेपाली महिलाहरूको गरिमामय भूमिकाप्रतिको प्रतिबद्धतालाई साकार पार्ने यस कार्यका लागि आवश्यक पर्ने सम्पूर्ण भौतिक साधनहरूको चाँजो-पाँजो मिलाउन तथा नेपाली महिला सहस्राब्दी सगरमाथा आरोहण अभियान, वसन्त २००० लाई सफल पार्न सुजाता कोइरालाको अध्यक्षतामा पुस २१ गते सञ्चालन समिति गठन गरिएको छ । यसको उपाध्यक्षमा आङछिरिङ शेर्पा, सचिव भूमिलाल लामा, कोषाध्यक्ष पुष्प थपलिया र सदस्यहरूमा वीरेन्द्र रावल, डा. तिलक रावल, मित्रसेन दाहाल, आङ ग्याल्जेन शेर्पा, रिन्छेन योन्जन, टासी शेर्पा तथा लेखबहादुर राई हुनुहुन्छ । यस्तै आरोहण सफल सञ्चालन गर्न वीरेन्द्र दाहालको अध्यक्षता तथा डा. तिलक रावल, मित्रसेन दाहाल र पुष्प थपलिया रहेको आर्थिक समिति, आङ छिरिङ शेर्पाको अध्यक्षतामा व्यवस्थापन समिति तथा रिन्छेन योन्जनको अध्यक्षतामा जनसम्पर्क तथा सञ्चार समिति गठन पनि गरिएको छ ।

नेपालका संरक्षित क्षेत्र दुर्लभ वन्यजन्तुका लागि स्वर्ग

जैविक विविधता संरक्षण क्रममा नेपालले सञ्चालन गरेका केही कार्यक्रमहरू विश्वका लागि नै उदाहरणीय बन्नपुगेका छन्। विश्व वन्यजन्तु कोष अन्तर्राष्ट्रियका अध्यक्ष सैयर बबर अलिले हालै चितवनमा चालू रहेको पर्यावरणीय पर्यटन तथा समुदायको अगुवाइमा अन्नपूर्ण संरक्षण क्षेत्रमा एकीकृतरूपमा सञ्चालित संरक्षण र विकास कार्यक्रमहरू विश्वकै लागि नमुना कार्यक्रमहरूका रूपमा देखापरेको बताउनुभयो ।

सन् १९६७ देखि नेपालको संरक्षण क्रियाकलापमा सक्रिय सहभागी रहँदै आएको विशव वन्यजन्तु कोषको नेपाल परियोजनाले हाल अन्नपूर्ण संरक्षण क्षेत्रको रणनीति तयार गर्ने, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई संस्थागत सहयोग उपलब्ध गराउने, उत्तरी पहाडी संरक्षण परियोजना, बर्दिया एकीकृत संरक्षण परियोजना, सगरमाथा प्रदूषण नियन्त्रण परियोजना, कञ्चनजंघा संरक्षण क्षेत्र परियोजना, वन्यजन्तुको व्यापार अनगुमन कार्यक्रम, अब्राहम संरक्षण पुरस्कार कार्यक्रम, बाघ संरक्षण र स्थिति सर्वेक्षण, बाघ गैंडाको वासस्थान विस्तार, संरक्षणका लागि वैकल्पिक इन्धन हिउँचितुवा संरक्षण परियोजना, शाही बर्दिया राष्ट्रिय निकुञ्ज विस्तार परियोजना आदि कार्यक्रमहरू सञ्चालनमा सहयोग गरिरहेको छ ।

उहाँले नेपालका संरक्षित क्षेत्रहरू बाघ, गैंडा तथा अन्य दुर्लभ वन्यजन्तुका लागि सुरक्षित स्वर्ग रहेको उल्लेख गर्दै सन् १९७० को दशकमा नेपालमा गैंडाको संख्या एक सयभन्दा कम रहेकोमा हाल आएर चितवन तथा बर्दियामा गरी छ सय नाघेको जानकारी दिनुभयो ।

मुलुकको कुल एकलाख ४७ हजार १८१ वर्गकिलोमिटर क्षेत्रफलमध्ये २४ हजार ७१७ वर्ग किलोमिटर क्षेत्रफल संरक्षित क्षेत्रका रूपमा घोषणा गरिएको छ ।

खेलकुद पर्यटन वर्ष- २००१

नेपाल भ्रमण वर्षको सफल आयोजनपछि खेलकुदका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्न तथा पर्यटनको माध्यमबाट खेलकुदको विकास विस्तार गर्न सन् २००१ लाई खेलकुद पर्यटन वर्षका रूपमा मनाइने भएको छ । सन् १९९८ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाउने अवधारण प्रस्तुत गर्नुहुने वरिष्ठ पर्यटन व्यवसायी कर्ण शाक्यले "खेलकुद पर्यटन वर्ष- २००१" आयोजनाका लागि श्री ५ को सरकारसमक्ष एक विस्तृत प्रस्ताव पेश गर्नुभएको छ ।

खेलकुद आयोजना हालका वर्षहरूमा विश्वका अधिकांश राष्ट्रहरूमा रंगशालामा मात्र सीमित नरही विद्युतीय सञ्चार माध्यमबाट विश्वभर प्रत्यक्ष प्रसारण गरिने भएकोले "स्पोर्ट हिमालय इअर- २००१" आयोजना गरिएमा नेपाल भ्रमण गर्ने पर्यटक संख्या तीव्र रूपमा वृद्धि गर्नसकिने कुरा सो प्रस्तावमा उल्लेख छ ।

नेपालले हालसम्म पदयात्रा, जलयात्रा र पर्वतारोहण गतिविधिलाई पर्यटकीय "प्रडक्ट्स" का रूपमा बिक्री गरिरहेको सन्दर्भमा यी सम्पदालाई अब विश्व खेलकुदकै रूपमा प्रवर्द्धन गर्नुपर्ने तथा देश विदेशका खेलाडीहरूका सहभागितामा सन् २००१ भर खेलकुद महोत्सव आयोजना गरिनुपर्ने सो प्रस्तावमा उल्लेख छ ।

श्री शाक्यले खेलकुद पर्यटन वर्ष- २००१ का बेला लुम्बिनीदेखि अन्नपूर्ण भूभागसम्म शान्ति मार्च, ट्रान्स-हिमालयन माउन्टेन वाइक, परम्परागत खेलहरू कवड्डी, क्यानोइङ, उच्च क्षेत्रमा खेलिने खेल प्रतियोगिता लगायत देशमा विलुप्त हुँदैगएका तथा नयाँ खेल कार्यक्रमहरू आयोजना गर्न सकिने र यसले दक्षिण एसियासमेत अन्तर्राष्ट्रिय क्षेत्रमा नेपाललाई सुपरिचित पार्न टेवा पुग्ने बताउनुभयो ।

संयुक्त राज्य अमेरिकाका ३१ प्रतिशत पर्यटकहरू विश्वका विभिन्न राष्ट्रहरूमा "एक्स्ट्रम स्पोर्टस" मा सहभागी हुनेगरेको तथा युरोपमा पनि परम्परागत पर्यटनको धारणामा निकै परिवर्तन देखापरेकोले नेपालमा खेलकुद हिमालय वर्ष- २००१ आयोजना गरिनु अपरिहार्य भइसकेको कुरा सरकारसमक्ष प्रस्तुत प्रस्तावमा उल्लेख गरिएको छ ।

नेपाल पर्वतारोहण संघ

नवनिर्वाचित कार्य समितिको पहिलो ६ महिना : के काम भए ?

पर्वतारोहण प्रशिक्षण

क. आधारभूत पर्वतारोहण तालिम : संघबाट वार्षिक रुपमा संचालन गरिँदै आएको आधारभूत पर्वतारोहण प्रशिक्षण तालिम यस वर्ष पनि संघको मनाङस्थित पर्वतारोहण स्कूलमा गत अगष्ट २५ देखि अक्टोबर ३, १९९९ सम्म सफल रुपमा संचालन गरिएको थियो। उक्त तालिममा ६ जना महिला, १ जना बेलायती नागरिक सहित जम्मा ३० जना प्रशिक्षार्थीहरु लाई ६ जना नेपाली प्रशिक्षकहरुले तालिम दिनुभएको थियो।

ख. संघले ईको हिमालसंग मिलेर गत वर्ष संचालन गरेको दुई वटा उच्च पर्वतारोहण तालिममा तालिम लिएका विद्यार्थीहरुलाई बालाजुमा मिति अक्टोबर ३१ देखि नोभेम्बर ४ सम्म ५ दिने एक Refreshment Course प्रदान गरेको थियो।

ग. कोरियन अल्पाईन फेडेरेशनको सहयोगमा मिति २० डिसेम्बर १९९९ देखि एक हप्ता सम्म दक्षिण कोरियामा ४ जना नेपाली पर्वतारोहीहरुलाई पर्वतारोहण तालिम उपलब्ध गराईएको छ। उक्त तालिमको लागि कोरियन अल्पाईन फेडेरेशनले नै सम्पूर्ण सहयोग उपलब्ध गराएको थियो।

घ. हङ्ककङ्ग माउन्टेनियरिङ्ग युनियनद्वारा मिति २७/२८ नोभेम्बर १९९९ मा हङ्ककङ्गमा आयोजित Hong Kong Sports Climbing Championship 99 मा नेपाली पर्वतारोही तथा संघका प्रशिक्षक र प्रशिक्षण तथा पर्वतारोहण अभियान समितिका सदस्य श्री प्रेम बहादुर गुरुङ्गले भाग लिनुभएको थियो।

ङ. संघले स्कूल तथा क्याम्पसका विद्यार्थीहरुलाई प्रदान गर्ने रक क्लाईम्बिङ्ग तालिम आगामी फेब्रुअरीमा संचालन गर्दैछ।

बैदेशिक सम्बन्ध विस्तार :

क. Himalayan Trust of Japan (HAT - J) को गत १९९९ को अगष्ट २२ देखि अगष्ट २८ सम्म पाकिस्तानमा आयोजित कार्यक्रममा संघका कार्यसमिति सदस्य श्री ल्हाक्पा दोर्जी शेर्पाको नेतृत्वमा ३ जना नेपाली स्कूले विद्यार्थीहरुको प्रतिनिधिमण्डलले भाग लिएको थियो।

ख. गत २४ देखि २६ सेप्टेम्बर १९९९ मा ग्रीसको ओलम्पियामा सम्पन्न UIAA को वार्षिक साधारण सभामा संघका अध्यक्ष श्री टासी जाङ्गबु शेर्पा र प्रथम उपाध्यक्ष श्री आङ छिरिङ शेर्पाले भाग लिनुभएको थियो।



साधारण सभाको एक झलक

ग. यसै गरी ईटालीको मिलानमा सम्पन्न पर्वतारोहणसंग सम्बन्धित विश्वका सर्वोच्च व्यक्तित्वहरुको सम्मेलन मिलानामोन्टाना २००० मा नेपाली पर्वतारोहीहरु श्री काजी शेर्पा र श्री बाबु छिरी शेर्पा को नेतृत्व गरी संघका अध्यक्ष श्री टासी जाङ्गबु शेर्पाले सहभागिता जनाउनुभएको थियो।

घ. UAAA को महासभा गत मिति ९ देखि ११ अक्टोबर १९९९ मा मंगोलियाको उलानबटारमा सम्पन्न भएको थियो। उक्त महासभामा संघको महासचिव श्री भूमिलाल लामाको नेतृत्वमा संघका कोषाध्यक्ष श्री गिरधारी शर्मा सम्मिलित टोलीले भाग लिएको थियो।

ङ. स्पेनको बार्सिलोनामा मिति १२ देखि १४ नोभेम्बर १९९९ मा सम्पन्न यूआईएए एक्स्पिडिसन कमिशनको बैठकमा संघका द्वितीय उपाध्यक्ष श्री विक्रम पाँडे र सचिव श्री आङ देण्डी शेर्पाले भाग लिनुभएको थियो।

प्रकाशन तथा प्रचार प्रसार

संघले गरेका कार्यहरुलाई सार्वजनिक रुपमा व्यक्त गर्ने माध्यमको रुपमा संघको प्रकाशन तथा प्रचार प्रसार कार्य अन्तर्गत यस वर्ष नेपाली पर्वत एक अंक प्रकाशित गरिएको छ। यसै गरी गत वर्ष संघको रजत महोत्सवको अवसरमा आयोजित देशव्यापी कविता प्रतियोगितामा प्राप्त उत्कृष्ट कविताहरुलाई "हिमाल हाम्रो सम्पदा - पर्वतारोही हाम्रा गौरव" विषयक कविता संग्रहको रुपमा छपाई गरिएको छ।

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय

सन् १९९६ देखि पोखरामा निर्माण कार्य शुरु गरिएको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको छाना छाउने कार्यको लागि सिङ्गापूरस्थित बिलम्याट कम्पनीबाट उत्पादित Hi Rib Profile को छाना लगाउन सम्झौता गरिएको र यसको लागि ४८४५४ अमेरिकी डलरको L.C. खोलिएको छ। साथै छाना छाउनको लागि आवश्यक पर्ने ट्रस निर्माणको काम सकिएको र निकट भविष्यमै छाना छाउने कार्य सम्पन्न हुने छ। संग्रहालयको उत्तरी हातामा थप काँडेतार लगाउने कार्य सम्पन्न भएको छ।

संग्रहालय निर्माणको लागि विभिन्न मुलुक, संस्था तथा व्यक्तिहरुबाट आर्थिक सहयोग जुटाउने कार्यमा प्रयासरत रहेको व्यहोरा अवगत गराउँदै यसको लागि पत्राचार, सभा सम्मेलनमा संग्रहालय सम्बन्धी प्रस्तुती आदि कार्यहरु गरिएका छन्। फलस्वरुप हामीलाई कोरियन अल्पाईन फेडेरेशनबाट

अमेरिकी डलर पाँच हजार, UAAA का नवनिर्वाचित महासचिव श्री ईन जोङ्ग ली बाट अमेरिकी डलर एक हजार, जापान अल्पाईन क्लव सेनिन ब्रान्चका अध्यक्ष श्री मासामोतो किक्कावा बाट अमेरिकी डलर दुई हजार, एशियन एयरलाईन्सबाट रु.१,०१,१११।-, एशियन ट्रेकिङ्गबाट रु. १,०३,७७७- तथा संग्रहालयका ठेकेदार ग्लोबल आशिष ज्वाईन्ट भेन्चरका श्री के.डि.अधिकारी बाट रु. १,००,१०१।- को थप आर्थिक सहयोग प्राप्त भएको छ। संग्रहालय निर्माण सहयोगको लागि जापानमा गठित सानपाकु नामक संस्थाबाट पनि थप अमेरिकी डलर ४० हजार उपलब्ध गराउने जानकारी प्राप्त भएको छ।

यसैगरी संग्रहालयको प्रचार प्रसार तथा अर्थ संकलन गर्ने उद्देश्यले गत सेप्टेम्बर १०, १९९९ मा एक डिनर बल कार्यक्रमको आयोजना गरेको थियो। पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका अध्यक्ष श्री गिरिजा प्रसाद कोईरालाको उपस्थिति रहेको उक्त कार्यक्रममा विभिन्न देशका राजदूत, कूटनीतिक नियोगका व्यक्तिहरु तथा उद्योगपतिहरुको समेत उपस्थिति रहेको थियो। उक्त कार्यक्रमबाट संग्रहालय निर्माणार्थरु. १,०१,४८०।- को खूद आम्दानी भएको छ। हालसम्ममा विभिन्न चरणमा गरी संग्रहालय निर्माणको लागि रु. ३१,५१४,५५०।-१६ खर्च भैसकेको छ।

कल्याणकारी कार्यहरु तथा चन्दा सहायता

क. मृतक पर्वतारोहीका बालबालिकालाई छात्रबृत्ति प्रदान गर्ने सिलसिलामा थप एक जना समेत गरी जम्मा ४ जना लाई छात्रबृत्ति प्रदान गरिएको छ र Benoit Chamounix Foundation बाट नेपाली मृतक पर्वतारोहीका दुई जना विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्ने सहमति भएको छ।

ख. श्री आङ रिता शेर्पा अस्वस्थ हुँदा संघबाट विशेष हेरचाह प्रदान गरिनुका साथै वहाँको स्वास्थ्योपचारमा लागेको खर्च उपलब्ध गराईदिनको लागि श्री ५ को सरकारसंग अनुरोध गरिएको छ।

ग. नेपाल हिमालयन पथ प्रदर्शक संघले गोक्यो र लोबुजेमा निर्माण गर्न लागेको पौवा को लागि संघले रु. ३ लाखको सहायता उपलब्ध गराइएको छ।

घ. चौंरीखर्कको बाटो पहिरोले पुर्दा मर्मतको लागि सहयोग रु. १ लाखको सहायता उपलब्ध गराईएको छ।

वातावरण संरक्षण कार्यक्रमहरु

क. वातावरण पत्रकार समाज द्वारा आयोजित वातावरणीय कार्यशाला गोष्ठीको लागि रु. २१ हजारको सहायता प्रदान गरिएको छ।

पर्वतीय उद्धार

क. पर्वतीय उद्धार सम्बन्धी कार्यको लागि एक नेटवर्क नै बनाउने लक्ष्य लिई रेडियो सेट तथा आवश्यक अन्य जानकारी प्राप्त गर्ने कार्य भईरहेको छ साथै उक्त कार्यको लागि सहायता प्रदान गर्न ईच्छुक रहेको Benoit Chamounix Foundation CN2-k - Italian Project संग पहल भैरहेको छ। यसैगरी पर्वतीय उद्धार सम्बन्धि तथ्यांक राख्नको लागि विभिन्न क्षेत्रबाट हिमालमा भएका दुर्घटना विवरणहरुको संकलन गर्ने कार्यहरु समेत भैरहेको छ।



मनाङस्थित पर्वतारोहण स्कुल

सचिवालय भवनको मर्मत सम्भार

संघको सचिवालय भवनको बैठक कोठालाई आकर्षक रुपमा मर्मत गरिनुका साथै पर्वतारोहण, पर्वतारोहण तालिम, संघका चुलीहरु, ककनी पर्वतारोही स्मृति उद्यान, पोखरा संग्रहालय लगायत संघका अन्य गतिविधिहरु र अन्तर्राष्ट्रिय क्षेत्रमा भएका पर्यटन गतिविधि समेत लाई भल्काउने उद्देश्यले एक Information Center को विकास गरिएको छ।

